# परित्यक्त मधेस : लिखतद्वारा कैद नेपाली राष्ट्रियता

भास्कर गौतम

मधेससम्बन्धी अध्ययन मधेसी विरुद्ध विगतमा भएको अन्याय, उनीहरुको पहिचानमा उत्पन्न संकट, परित्यक्त मधेसीहरूको हकअधिकारविहीन अवस्था, नेपाली राज्यमा उनीहरुको नगण्य हिस्सा, तराईमा तीव्र बसाइँसराइले निम्त्याएको असर, क्षेत्रीयता र राष्ट्रिय एकीकरण जस्ता विषयहरुमा बढी केन्द्रित छ । मधेसीहरू के कति कारणले 'मधेसी' बनाइए, उनीहरूको पहिचान किन र कसरी संकटमा पर्न गयो, २००७ साल लगत्तैदेखि उनीहरुले बेग्लै राजनीतिक दलको कल्पना किन गरे, र नेपालभित्र उनीहरुको दर्जा किन 'दोयम' बनाइयो आदि जटिल तर महत्वपूर्ण सवालहरूलाई यी कुनै पनि अध्ययनले न्यायपूर्ण तवरमा सम्बोधन गरेको पाइँदैन । तथापि मधेस/मधेसीसम्बन्धी अध्ययन र बहसले सहजै दुई कुरालाई स्वीकारेको छ । पहिलो, विगतमा मधेसी विरुद्ध ज्यादती भएकै हो र उनीहरुलाई परित्यक्त बनाइएकै हो । दोस्रो, मधेसीहरुको 'नेपालीत्त्व' र नेपाल राष्ट्रप्रतिको इमान्दारीमा शंका छ किनभने उनीहरू 'वास्तविक नेपाली' भएको आशंका छ । समकालीन नेपालमा देखिएको तीन भिन्न परिणाम - मधेसीहरूको 'दोयम' नेपाली दर्जा; राज्यको 'मूलधार'मा उनीहरूको नगन्य उपस्थिति; राजनीतिमा क्षेत्रीय तथा जातीय दलको उदय तथा एक पृथक् राजनीतिक शक्तिको रूपमा मधेस केन्द्रीय राजनीतिमा स्थापित - यही ऐतिहासिक विभेद र शोषणको असर हो ।

मधेसी सन्दर्भमा देखिएका सबै परिणामहरूलाई मिहिन रूपमा केलाउनु यस आलेखको दायरा र उद्देश्य होइन । तथापि यस्तो अध्ययनको आवश्यकता टड्कारो छ । आधुनिक नेपाली समाजको उद्‌विकास र राष्ट्र निर्माणको क्रममा 'भैया', 'धोती', 'मर्स्या', 'मधिसे/मधेसे' आदि शब्दमार्फत अभिव्यक्त अपमानबोधक दृष्टिकोणले हेपिएका मधेसीहरु कसरी पृथक् राजनीतिक शक्तिको रूपमा उदाए ? विशिष्ट 'नेपाली पहिचान' निर्माण गर्ने अभियानमा राजनीतिक एवं सामाजिक हिसाबबाट अछूतो राखिएका मधेसीहरुले कसरी दोयमको दर्जालाई संघर्षको स्रोतमा परिणत गरे ? यी दुई प्रश्नको समसामयिक महत्व अहं छ । तथापि यस्ता प्रश्नहरुको सघन विश्लेषण यस आलेखमा गरिएको छैन । यस्ता अध्ययनलाई आधार प्रदान गर्न यस लेखमा केही ऐतिहासिक सन्दर्भलाई केलाउने चेष्टा गरिएको छ । मूलतः 'मधेसी' समुदाय निर्माणको प्रक्रिया एवं उनीहरूको दोयम दर्जा कसरी उत्पन्न हुन गयो सो बुझ्ने सानो प्रयास यस लेखको उद्देश्य हो ।

*Studies in Nepali History and Society* 13(1): 117-146 June 2008
© Mandala Book Point

२००७ साल पूर्व नै मधेसी विरुद्ध विभेदका आधारहरू रोपिए पनि यस आलेखमा २००७ पछिको समयावधिलाई मात्र आधार मानिएको छ । २००७ साल पछिको करिब ६ दशकमा मधेस/मधेसीलाई हेर्ने, बुझ्ने सन्दर्भमा व्यापक परिवर्तन भएको छ । पहिलो, २००७ साल पछिसम्म मधेसीहरुलाई मधेसमा बसोबास गर्दै आएका स्थानीय बासिन्दाको रूपमा स्वीकारिएको बुझिन्छ । वा भारतबाट पछि बसाइँ सरेकाहरूको संख्या उल्लेख्य भए पनि त्यो चिन्ताको विषय थिएन । दोस्रो, २००७ पछि विस्तारै र पञ्चायत युगमा राज्यको संरक्षणमा जब 'नेपाली पहिचान'ले साँघुरो आकार लिँदै थियो, मधेसीहरु मूलतः 'वास्तविक नेपाली नागरिक' नभएको मान्यताका कारण 'नेपालीत्त्व' र 'नेपालीपन'को प्रभावशाली विम्वबाट बाहिरिँदै गए । यस्तो दृष्टिकोणकोणले नेपाली समाजमा सघन आकार लिने क्रममा मधेसीहरु दोस्रो दर्जाको नागरिक बनाइँदै लगिए । काठमाडौँमा स्थापित राज्यभन्दा बढी भारत परस्त भएको आशंकामा उनीहरुको इमान्दारिता जीवित रह्यो । तेस्रो, मधेस/मधेसीलाई बुझ्ने ठूलो छलाङ्ग २०६३ माघको मधेस विद्रोह बन्यो । त्यसपछि मधेसीहरू पृथक् माग एवं आकांक्षा भएका आफैमा विशिष्ट सांस्कृतिक-राजनीतिक समुदायका रूपमा स्थापित भए । केही दशकभित्रै यसरी 'मधेसी'लाई बुझ्ने/बुझाउने क्रममा निरन्तर निर्माण भइरहेको विम्व र वर्गीकरणको नतिजा मधेस/मधेसीको पृथक् वास्तविकता एवं सन्दर्भको अध्ययन थप जटिल एवं संवेदनशील बन्दै छ । साथै यो निरन्तर बदलिँदो छ ।

२००७ साल पूर्व राणा-शाह कालमा तराईलाई आन्तरिक उपनिवेशको रूपमा उपयोग गरिएकोले नै २००८ सालबाटै मधेसी हक-अधिकारको संघर्ष प्रारम्भ भयो ।[१] नेपाल तराई काँग्रेस त्यही समयमा उदायो जसले मूलतः तीन माग अघि सारेको थियो : क) स्वायत्त तराई राज्यको स्थापना, ख) हिन्दी भाषालाई राज्यको भाषाको मान्यता, र ग) तराईवासीलाई निजामतिमा पर्याप्त रोजगारी (गेइज सन् १९७५: १०९) । पृथक् राजनीतिक दलको स्थापना गरेर २००८ सालमै मधेसी हकअधिकारको लागि वकालत गरिएबाट प्रस्ट हुन्छ भिन्न हिसाबले मधेसी शोाषणका आधारहरू त्योभन्दा पहिले नै विद्यमान थिए । तर नेपाल तराई काँग्रेसको उदय २००८ सालमै किन भयो भन्ने ऐतिहासिक सन्दर्भको विश्लेषण तराईको प्राज्ञिक कामको लागि कोशेढुङ्गा मानिएको

१ ऐतिहासिक रूपमा नै नेपाली राज्यको चरित्र शोषक समान रहेकोले काठमाडौँभन्दा बाहिरको भूभाग एवं निश्चित कोटरीभन्दा बाहिरको समूहलाई औपनिवेशिक मानसिकताबाट हेरिएको तर्क भिन्न तवरमा अन्य भागमा बसोबास गर्ने समूहलाई समेत लागू हुन्छ । मधेसमा यसको सरोकार भू-अर्थतन्त्रसँग प्रस्ट रूपमा थियो भने अन्य भागमा गोर्खा सेनाको व्यापारसँग गाँसेर यसलाई हेर्न सकिन्छ । साम्राज्यवादीहरुसँग सफल कुटनीति कायम राख्न गोर्खा भर्तीलाई सिक्काको रूपमा उपयोग गरिएको उत्कृष्ट विश्लेषणको लागि हेर्नुहोस् डेशेन (सन् १९९३) । काठमाडौँ वरिपरि बसोबास गर्ने तामाङ जातिमाथिको भिन्न शोषण प्रक्रिया यस्तै अर्को दृष्टान्त हो । अर्थात् निश्चित जाति विशेषलाई शोषण गर्न र केन्द्रीय तवरमा मात्र फाइदा लिन भिन्न क्षेत्रमा पृथक् संरचना निर्माण गरियो ।

फेर्ड्रिक गेइजको *रिजनलिजम् एण्ड नेसनल युनिटि इन नेपाल* (सन् १९७५) मा पाइँदैन । न त सो समयको राजनीतिक इतिहासको प्राज्ञिक आधारको रूपमा स्थापित भुवन लाल जोशी र लियो रोजको *डेमोक्रेटिक इनोभेसन्स इन नेपाल: ए केस स्टडि अफ पोलिटिकल एकल्चरेसन* (सन् २००४ [१९६६])मा नै पाइन्छ । २००७ साल पूर्वको ऐतिहासिक सन्दर्भको उत्खनन् गर्ने कार्यले गहन ऐतिहासिक शोधको माग गर्छ, जुन यस लेखको दायराभन्दा बाहिर छ ।

सो ऐतिहासिक शोधलाई पन्छाउँदै २००७ सालपछिको युगमा तीन भिन्न परिणाम - मधेसीहरुको 'दोयम' नेपाली दर्जा; राज्यको 'मूलधार'मा उनीहरूको नगन्य उपस्थिति; राजनीतिमा क्षेत्रीय तथा जातीय दलको उदय तथा एक पृथक् राजनीतिक शक्तिको रूपमा मधेस केन्द्रीय राजनीतिमा स्थापित - निम्त्याउन 'नेपाली पहिचान' निर्माणको राष्ट्रिय अभियान र 'नेपाली नागरिकता' सँग गाँसिदै लगिएको संरचनागत जटिलताले महत्वपूर्ण प्रभाव पारेको तर्क यस आलेखमा गरिएको छ । 'नेपाली पहिचान' र 'नेपाली राष्ट्रियता'ले तय गरेको लोकमार्ग साँघुरो पारिँदै लगिएको कारण मधेसीहरू 'नेपाली' हुनुबाट झन् टाढिँदै गए र सामाजिक हिसाबमा पाखा समेत पारिए ।[२] मधेसीहरूको 'नेपालीत्त्व' माथि आशंका उब्जाइएकै कारण राजनीतिक वृत्तमा उनीहरूको प्रतिनिधित्व साँघुरिदै गयो । ऐतिहासिक रूपमा नै मधेस काठमाडौँका शासकहरूको लागि आर्थिक शोषण गर्ने 'आन्तरिक उपनिवेश' बनाइएको वास्तविकताले यस्ता अभियानलाई थप बल प्रदान गर्दै २००७ साल पछि भिन्न आवरणमा निरन्तरता दियो । यस आलेखमा 'नेपाली नागरिकता'को निर्माण एवं वितरण र 'नेपालीत्व'सँग गाँसिएको त्यसको उपयोगिताको व्याख्यामार्फत पहिलो तर्कलाई थप पुष्टि गरिएको छ । 'नेपाली नागरिकता'को प्रयोगले पहिचानको संकटलाई त सहयोग पुऱ्यायो नै, ठूलो तहमा गरीब मधेसीहरु उत्पादन गर्ने संरचनागत जटिलता समेत सृजना गऱ्यो ।

मधेस पहाडको फेदी र भारतको सीमामा अवस्थित लामो र साँघुरो भौगोलिक क्षेत्र भए पनि जातजाति समीकरण, भौगोलिक परिवेश, भाषिक आधार र अन्य सामाजिक-जनसांख्यिक सम्मिश्रण आदि कुनै पनि पक्षबाट एकैनासको छैन (हेर्नुहोस् शर्मा सन् २००८) । अझ मूलतः तराईमा औलो उन्मुलन भएपछि पहाडबाट तराई बसाइँ सर्ने क्रमले तीव्रता पायो । यो क्रम मध्य नेपालको भित्री मधेस र पूर्वी मधेसमा २०१४/१५ सालदेखि २०३४/३५ सालसम्म र चितवन पश्चिमको तराईमा २०३२/३३ सालपछि क्रमिक रूपले बढ्दै गयो । त्यसैले २००७ सालपछि तराईको जनसांख्यिक समीकरण निरन्तर हिसाबले बदलिँदो छ । तराई मात्र होइन सम्पूर्ण नेपाल नै बसाइँसराइद्वारा निर्मित राज्य भएकोले यसको जातीय जनसांख्यिक बसाइँसराइ निरन्तर

२ नेपाली हुनुको एकल परिभाषा पहाडमा पनि थिएन । त्यसैले अर्कै तहमा पहिचानको समस्या पहाडी जनजातिहरूमा पनि व्यापक बन्दै गयो । तर पहाडी जनजातिहरूमा देखिएको पहिचानको संकटले उनीहरूको 'नेपालीत्त्व'लाई आशंकासाथ हेरेको थिएन; त्यसलाई सहजै पन्छाएको मात्र थियो ।

बदलिरहेको छ (शर्मा सन् २००८: ८२) । त्यसैले यस आलेखको मूल विषयवस्तुमा प्रवेश गर्नु पूर्व तराईमा बसाइँसराइको अनिवार्यतासँगै बदलिएको जनसांख्यिक समीकरण र सामाजिक-राजनीतिक प्रक्रियामा यसले पारेको प्रभावको समीक्षा आवश्यक छ ।

## बदलिँदो जनसांख्यिक समीकरण

सन् १९११ मा गरिएको पहिलो जनगणनामा नेपालको कुल जनसंख्या ५६,३८,७४९ थियो । मधेसको जनसांख्यिक समीकरण बुझ्न त्यस जनगणनाले ठूलो अर्थ राख्दैन । पहिलो, सन् १९६१ पूर्व भएका कुनै पनि जनगणनाले वैज्ञानिक मान्यता पाएको छैन । दोस्रो, सन् १९६१ अघिसम्म राणा कालदेखि नै विभाजित २० पहाडी जिल्ला, ९ तराई जिल्ला र ३ भित्री मधेसका जिल्लामा प्रशासनिक क्षेत्र भनी नेपाललाई बाँडिएको थियो । हालसम्म विद्यमान भौगोलिक विभाजन सन् १९६१ सालमा भएकोले पनि त्यसभन्दा अघिको तथ्याङ्कको तात्विक माने छैन । तर तराई र पहाडको जनसांख्यिक समीकरण तालिका १ मा देखाए जस्तै सन् १९५२ देखि हेर्न अवश्य सकिन्छ ।

**तालिका १**

| वर्ष सन् | संयुक्त पहाडको जनसंख्या | तराईको जनसंख्या |
|---|---|---|
| १९५२–५४ | ५,३४९,९८८ (६४.८) | २,९०६,६३७ (३५.२) |
| १९६१ | ५,९९१,२९७ (६३.६) | ३,४२१,६९९ (३६.४) |
| १९९१ | ९,८६३,०१९ (५३.३) | ८,६२८,०७८ (४६.७) |
| २००१ | ११,९५३,७७३ (५१.६) | ११,२१२,४५३ (४८.४) |

*स्रोतः गुप्ता २०६१*

तालिका १ मा स्पष्टसँग पछिल्लो पाँच दशकमा तराईको जनसंख्या करिब ४ गुणा बढेको देखिन्छ । पहाडमा यो वृद्धि २.२ गुणाले मात्र भएको छ । सन् १९६० देखि सन् १९९० को दशकबीच जनसंख्या २.५ प्रतिशतले वृद्धि भएको थियो । तर जनसंख्याको ठूलो चाप भने तराईका जिल्लाहरूमा मात्र पर्न गयो । अझ हर्क गुरुङ लेख्छन्, “जनसंख्याको वृद्धिदर तराईका गाउँ र सहर दुबैमा अत्यधिक रह्यो । सन् १९८१ मा हिमाली र पहाडी क्षेत्रमा जनसंख्या वृद्धिदर ३.५ प्रतिशत मात्र भएकोमा तराई क्षेत्रमा यो दर यसको दोब्बर अर्थात ७.८ प्रतिशत रहेको छ” (गुरुङ २०४८: ५५) । यसरी जनसंख्यामा भएको वृद्धिले तराईको जनसांख्यिक समीकरण तीव्र रूपमा परिवर्तन भयो । तराईको जनसङ्ख्या वृद्धिका केही कारणहरू निम्न थिए : १) तराईमा प्राकृतिक प्रजनन दर अहिले पनि नेपालका अन्य क्षेत्रभन्दा बढी हुनु, २) तराईको आवादी दर र बजार विकास गर्न राणा शासनभर (सन् १८४६–१९५०) भारतीय नागरिकलाई बसोबास

गराउन सरकारी नीति खुकुलो बनाइनु, ३) आप्रवाससम्बन्धी सरकारी नीति खुकुलो हुनु, ४) सन् १९५८ को औलो उन्मुलनपछि विदेशबाट आएका, प्राकृतिक प्रकोप र गरिबीको मारमा परेका वा अन्य कारणले मधेसमा पहाडीहरूको स्थायी रूपमा बसोबास प्रारम्भ हुनुलाई मधेसमा जनसंख्या बढ्नुका प्रमुख कारणहरू मान्न सकिन्छन् (दाहाल सन् १९७८, २०५३; गुरुङ २०४८) । जनसंख्यामा भएको परिवर्तनबाट समग्र तराईमा सन् १९६० को दशकपछि मूलतः पहाडीहरुको संख्या आकासिएको देखिन्छ ।

सन् १९६० अघि तराईमा पहाडीहरुको भौतिक बसोबास मात्र न्यून थियो । सम्पूर्ण तराईको ७० प्रतिशतभन्दा बढी जमिन राणा–शाह, दरबारका भारदार र काठमाडौंका सम्भ्रान्तहरुकै मौजा थियो । १९ औँ शताब्दीको प्रारम्भमै मोरङ, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्साका जमिनमा वन व्यापक रूपमा विनास गरेर उर्वर खेतीभूमिको रूपमा विकास गरिसकिएको थियो । यसमध्ये मोरङ, सप्तरी र महोत्तरीमा व्यापक कृषिजन्य उत्पादन हुन्थ्यो ।[३] कृषिजन्य बाली ठूलो मात्रामा उत्पादन गर्ने चितवनदेखि पूर्वमा रहेका मधेसका यी क्षेत्रहरुलाई पहाडका राजाहरुले आफ्नो आम्दानीको स्रोत र सैन्य शक्तिमा लगानी गर्न प्रयोग गर्दै आएका थिए (रेग्मी सन् १९७८, स्टिलर सन् १९७३, मेयर र ड्युएल सन् १९९९) ।

तराईमा विद्यमान मौजा पहिलो विश्व युद्धको अन्त्य र भारतमा औद्योगीकरणको विस्तारसँगै झन् बढ्न थाल्यो । त्यसपछि मूलतः तराईको वनजङ्गलको व्यापारिक महत्व बढ्यो । १९ औँ शताब्दीको मध्यमा राणा शासन प्रारम्भ भएपछि योजनावद्ध रूपमा भारतीय नागरिकहरुलाई मधेसमा ल्याउने कार्यले व्यापकता पाए पनि । औलो, मधेसको जीवनशैली र पहाडीबासीको लागि नमिल्दो पर्यावरणका कारण राणा कालमा पहाडीहरूको बसाइँसराइ मधेसमा सम्भव भएन । त्यसपछि तत्कालीन राज्यले नै भारतीयहरूलाई भित्र्याउने योजना बनाएको थियो । त्यसैले उत्तर भारतबाट त्यहाँका जमिनदारहरूको सहयोगमा भरतीहरुलाई पूर्वी मधेसमा ल्याउने काम भयो । यो कार्य मधेसमा जमिनको स्वामित्व र राजश्व संकलन प्रक्रियालाई बढाउन र व्यवस्थित गर्न गरिएको थियो । त्यसैले जंगबहादुरकै पालामा राजश्व संकलनको केन्द्र बनेका मधेसका यी जिल्लाहरुले प्रारम्भको १० वर्षमै राजश्वमा १०७ प्रतिशत वृद्धि गराएको देखिन्छ (रेग्मी सन् १९९९) । यस्तै गरी मध्य-पश्चिम तराईमा भने भारतीयलाई आमन्त्रण गरेर बसोबास गराउने काम सन् १८९० देखि १९३० को बीचमा भएको थियो (गेइज सन् १९७५: २५-२६) । त्यसैले २००७ साल पूर्व मधेसमा पहाडी राजा र राणाहरूको भौतिक उपस्थिति नभए पनि त्यहाँको जमिनको ठूलो हिस्सा उनीहरूकै कब्जामा थियो । उनीहरुले नै मधेसलाई सधैँ आफ्नो स्वार्थ र हितको लागि प्रयोग गर्दै आएका थिए ।

---

३ यी जिल्लाहरू भनेको हालको झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा र महोत्तरी हुन् ।

नेपालको भूभागमा भएको भारतीयहरूको बसाइँसराइ र योजनाबद्ध बसोबासलाई प्रारम्भमा राणा र पछि पञ्चायती राज्यले ध्यानपूर्वक आफ्नो स्वार्थमा उपयोग गऱ्यो । शाह राजाहरू र राणाहरूले औलो प्रभावित जङ्गल र भारतीहरुको योजनावद्ध बसाइँसराइलाई भारतमा बेलायती राज रहेको समयमा रणनीतिक बचाउको रूपमा लिएका थिए । पछि पञ्चायत कालमा, गेइजका अनुसार केही पुनर्बास योजनाद्वारा सरकारले बेलायती र भारतीय सेनाबाट अवकास प्राप्त गोरखा सैनिक एवं नेपाली सेनाका निवृत्त परिवारहरुलाई सिमाना छेउमा बसोबास गरायो । भारत तर्फबाट हुने डकैती, लुटपाट र तस्करी रोक्न यी परिवारहरु अर्धसैन्य शक्तिको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने पञ्चायती बुझाइ थियो (गेइज सन् १९७५: ८३) । यही समयमा वर्मा र खासगरी भारतको असामबाट आएका नेपालीहरूको बसोबास पनि तीव्र रह्यो । ठोस अनुसन्धानको बलमा तथ्यगत आधार नभए पनि मधेससँग सरोकार राख्ने धेरैको अवलोकनमा पहाडबाट झरेका समुदायको तुलनामा पछि नेपाल फर्केका यी समुदायले मधेसीप्रति बढी दुराग्रह राखेको विश्वास गरिन्छ ।

पञ्चायत प्रारम्भ हुनुभन्दा केही वर्ष पहिलेदेखि शुरु भएको पहाडी बसाइँसराइको कारण मधेसमा त्यस्तो जिल्ला छैन जहाँ पहाडीहरुको उपस्थिति नहोस् । तराईमा नेपालको जनसङ्ख्याको ४८.४ प्रतिशत मानिस बस्छन् । यो जनसङ्ख्यामा मधेसी ६३.६९ प्रतिशत र पहाडी ३६.३१ प्रतिशत रहेको दावी गरिन्छ । अर्थात् नेपालको सम्पूर्ण जनसङ्ख्यामा मधेसीको उपस्थिति करिब ३२ प्रतिशत मानिन्छ । तर मधेसी र पहाडी नेपाली राज्यले विगतमा गरेको सपाट भेदभावका कारण मधेसको जनसंख्यालाई अलग्याउने निकै फराकिलो आधार मात्र हो । यस विभाजनले तराईको जातीय विविधता, धर्म र वर्णाश्रमलाई समेट्दैन । न पहाडको जातीय विविधता, धर्म र वर्णाश्रमलाई नै समेट्छ । त्यसैले राजनीतिक वृत्तमा मधेसका समस्यालाई कसरी सम्बोधन गरिएको छ भनेर बुझ्नु अघि विभिन्न जातजातिमा विभाजित मधेसी जनसंख्याको वर्गीकरण गर्नु आवश्यक हुन्छ । तुलनात्मक रूपमा अलि सामान्य तर छरितो विभाजन अनुसार तराईभर उपस्थित जातजातिलाई पाँच समूहमा राख्न सकिन्छ ।

पहिलो, हिन्दू वर्णव्यवस्थाभित्र माथिल्लो तहमा पर्ने मैथिल ब्राह्मण, भूमिहार, राजपुत, कायस्थ, यादव आदिदेखि पानी नचल्ने खत्वे, मुसहर, दुषाद, चमार, डोम आदि जात समूहहरु । दोस्रो, तराईका रैथाने मानिएका थारु, धिमाल, गनगाई, झाँगड, दनुवार, कोचे, मेचे, राजवंशी आदि जनजातिहरु । तेस्रो, हिन्दू धर्म र वर्ण-व्यवस्थाभन्दा नितान्त बाहिरका मुसलमान समुदाय । चौथो, व्यापार र अन्य पेशामा संलग्न मारवाडी, बंगाली, शिख जस्ता निकै पछि नेपाल आएका समूह साथै भारतबाट धेरै पछि आएका अन्य आप्रवासीहरु जो धर्म, संस्कार इत्यादि हिसाबले आफैमा विविध छन् । पाँचौं, पहाडी मूलका विभिन्न जातजाति समूह (सिविएस सन् २००२, गुप्ता २०६१, दाहाल

२०५३) । यीमध्ये पहिलो र तेस्रो कोटीमा पर्ने समुदायले आफूलाई मधेसी भन्छन् । तथापि धार्मिक संस्कारको कारण आफ्नो अस्तित्व मधेसीभन्दा पृथक् देख्ने मुसलमानहरुको पनि कमी छैन । चितवन पश्चिम भिन्नताको मान्यता बढी प्रगाढ छ । त्यस्तै चौथो समूहमा पर्नेमध्ये भारतीय आप्रवासीहरुले पनि आफूलाई मधेसी भन्छन् । दोस्रो समूहमा रहेकाहरूले आफूलाई नेपालको आदिवासी भन्न रुचाउँछन् । त्यसैले यो जनसङ्ख्याको ठूलो अनुपातले आफ्नो सामूहिक पहिचान/अस्तित्त्वलाई मधेसीभन्दा पृथक् राखेको छ । यद्यपि पूर्वी तराईमा मधेसी पहिचानसँग आफूलाई गाँसेर हेर्ने अनुपात उल्लेख्य छ । त्यसैले करिब ३२ प्रतिशतमध्ये मधेसी पहिचानलाई आत्मसात गर्ने कति छन् त्यो ठम्याउन कठिन हुनेछ ।

बसाइँसराइका कारण मधेस विविध, व्यापक र सघन भइरहेको जगजाहेर छ । यसै पनि नेपालमा वर्गीकृत १०० जातजातिमध्ये ५८ तराईमा पर्छन् (गुरुङ सन् २००४) । जातिगत विविधता सघन रहेको तराईमा जनसंख्याको बदलिँदो समीकरणले मधेसी पहिचानलाई विशाल तवरमा मिश्रित बनाएको छ । साथै जटिल पनि । जनसङ्ख्याको आधारमा पहाडीहरुको सङ्ख्या ऐतिहासिक हिसाबले नै न्यून रहे पनि नेपालको शासनसत्ता शताब्दीऔँदेखि उच्च जातका पहाडीहरुकै कब्जामा छ । त्यसैले शताब्दीयौँदेखि पहाडी राजाहरुको उपनिवेश रहेको मधेस पञ्चायत कालमा भएको तीव्र बसाइँसराइको क्रममा पनि पहाडी स्वार्थबाट प्रभावित हुन गयो । यसले केही दशकमै मधेसी र पहाडी जनसङ्ख्याको समीकरणमा ठूलो फेरबदल त ल्यायो नै (हेर्नुहोस् तालिक २) पहाडी चिन्तनलाई पनि केन्द्रमै राख्यो ।

**तालिका २: तराईमा पहाडी र मधेसी जनसङ्ख्यामा परिवर्तन**

| वर्ष सन् | पहाडी समुदाय | तराईका समुदाय | जम्मा | तराई समुदायको प्रतिशत |
|---|---|---|---|---|
| १९५२–५४ | १४२,००० | २,२४६,००० | २,३८८,००० | ९४.१ |
| १९८१ | २,७९५,००० | ३,७६२,००० | ६,५५७,००० | ५७.४ |
| १९९१ | ३,४४४,००० | ५,२६२,००० | ८,७०२,००० | ६०.४ |
| २००१ | ४,१२०,००० | ७,०९२,००० | ११,२१२,००० | ६३.३ |

*स्रोतः साह सन् २००६: ७*

तालिका २ बाट प्रस्ट हुन्छ, सन् १९५२-५४ मा तराईमा केवल ६ प्रतिशत पहाडी जनसङ्ख्या थियो । सन् १९८१ सम्म आइपुग्दा पहाडी जनसङ्ख्यामा उल्लेख्य वृद्धि भयो - ६ प्रतिशतबाट ४२.६ प्रतिशत । सन् २००१ सम्म आइपुग्दा पहाडी जनसङ्ख्यामा सन् १९५२/५४ को तुलनामा करिब २९ गुणा वृद्धि भएको छ भने तराईवासीको जनसङ्ख्या बृद्धि ४ गुणाभन्दा कम छ ।

क्षेत्रीय राजनीति र राष्ट्रिय समायोजनका विषयमा मधेसी राजनीतिको अनुसन्धान गरेका गेइजले यो योजनावद्ध बसाइँसराइको पञ्चायती आयोजनालाई 'नेपालीकरण' र 'नेपाली सांस्कृति समायोजन' को प्रयास भनेका थिए । यसले कालान्तरमा सांस्कृतिक तनाव निम्त्याउने आशंका पनि गेइजको थियो (गेइज सन् १९७५) ।[४] मधेसी राजनीतिका धेरै अभियन्ताहरूले यो प्रक्रियालाई 'मधेसमा पहाडी सांस्कृतिक अभ्यास र राजनीतिक वर्चश्व' स्थापित गर्ने आयोजना मान्दै आएका छन् (यादव सन् २००३; साह २०६३; झा सन् १९९३) । उनीहरूको तर्क छ, सन् १९६३ मा तराईका जिल्लामा पहाडी भागहरू पनि गाभेर २० जिल्ला बनाउनु, सोही समयमा तराईलाई लक्षित गर्दै भूमिसुधारको योजना ल्याउनु, पूर्व-पश्चिम राजमार्गको निर्माण मधेसका बस्तीभन्दा धेरै टाढा जङ्गलको बीचबाट गर्नु, पञ्चायतको 'गाउँ फर्क अभियान' आदि मधेसमा आन्तरिक औपनिवेशीकरणको प्रक्रिया अझ व्यवस्थित गर्दै पहाडी वर्चश्व कायम गर्ने उद्देश्य सहित रचिएको थियो ।[५] साथै पहाडीहरुलाई जमिन वितरण गर्ने उद्देश्य पनि निहित थियो (यादव सन् २००३; साह २०६३; झा सन् १९९३) ।[६] यसले मधेसीको पहिचानलाई खुम्च्याउन त सघायो नै सँगै राजनीतिमा समेत मधेसीहरुको सहभागितालाई साँघुरो बनायो, अन्ततः उनीहरुको निर्णायक उपस्थितिलाई नगण्य बनाउँदै ।

तसर्थ मेरी डेशेनले भने जस्तै राष्ट्रिय इतिहास र पञ्चायत कालको तीन दशकमा एकीकृत र प्रसारित (विस्तारित) गरिएको अन्य राष्ट्रिय सन्दर्भ र भावनाको मिहिन बुझाइ बेगर संस्कृति, जनजाति र राष्ट्रियताको राजनीतिको मिहिन विश्लेषण गर्न गाह्रो हुन्छ ।[७] संस्कृति, जनजाति र राष्ट्रियताको राजनीतिको चपेटमा परेको मधेसीको मान्यता र परिचयको विश्लेषण पूर्व राष्ट्रिय इतिहाससँगै यस विषयलाई हेरिनु पर्छ ।

---

४ २०६३ माघमा भएको मधेस विद्रोहलाई गेइजको आशंका अनुरूप हालसम्म अभिव्यक्त सांस्कृतिक तनावको उत्कर्ष मान्न सकिन्छ । यद्यपि सो रस्साकसीमा राजनीतिक संघर्षको आवरण प्रदान थियो ।

५ २०४६ सालपछि मूलतः पञ्चायत काललाई केन्द्रमा राख्दै नेपालको विकास-अविकासका वास्तविकताको बहस एवं सामाजिक वृत्तको चर्चाले दुइटा तर्कलाई जोड दिएको पाइन्छ । पहिलो, विकासको केन्द्र-सेरोफेरो (सेन्टर-पेरिफेरि) बनेको राष्ट्रिय समाजले स्थानीय कल्पना र आकांक्षालाई अर्थ दिइरहेको हुन्छ । दोस्रो, जात, जाति, लिङ्ग, उमेर जस्ता पक्षको आधारमा स्थानीय समाजमा विद्यमान सामाजिक श्रेणीले पहुँच, बहिस्करण, र अदानप्रदानलाई प्रभावित तुल्याउँछ (पिग सन् १९९२) । यसरी सामाजिक वर्गीकरण र स्थानसँग तुलना गरिएका विकास-अविकासको विश्लेषणले माथिका पक्षहरुलाई त केलाएन नै, नेपाली नागरिक हुनुको पृथक् पहिचानसँग गाँसिएको जटिलतालाई समेत पन्छायो । उदाहरणको लागि नागरिकता प्रमाणपत्र जस्तो संरचनाले भौतिक एवं राजनीतिक गरीब मधेसी वर्ग जन्माएको पक्षलाई समेत औल्याउन सकेन । अर्थात् 'विकासको वितरण गर्ने', वा 'विकासलाई तलसम्म पुऱ्याउने' मानसिकताले मधेसको भूपरिवेशमा नेपाली हुनबाट वञ्चित रहेकाहरुको जीवनवृत्तिमा पारेको बहुआयामिक संकट विकासको बहसमा अटाएन ।

६ तराईमा पुनर्वास आयोजनासम्बन्धी अध्ययनको लागि एल्डर र अन्य (सन् १९७६) हेर्नुहोस् ।

७ वन्त (सन् १९९६ए) मा उल्लेख गरे अनुसार डेशेन (सन् १९९३) ।

त्यसैले लामो समयदेखि उठिरहेका मधेसी सवालहरूलाई गहिराइमा बुझ्न मधेसी पहिचानको राजनीतिलाई फराकिलो सन्दर्भमा हेर्न उपयुक्त हुन्छ ।

## मधेसी पहिचानको राजनीति

प्राज्ञहरूले नेपाली पहिचान र नेपाली राष्ट्रियताका चार प्रमुख आधार स्तम्भ भएको व्याख्या गर्दै आएका छन् । नेपाली भाषा, हिन्दू धर्म, राजसंस्था (बुर्घाट सन् १९९४; शर्मा सन् २००४; साह सन् १९९३) र वीर इतिहास लेखनको परम्परा (वन्त सन् १९९६ए, १९९६बी) लाई ती आधार स्तम्भ मानिएको छ । यी चार आधार स्तम्भ बाहेक नेपाली पहिचान र नेपाली राष्ट्रियताको आधार स्वरूप हिमाली/पहाडी समाजसँग गाँसिएको पहाडी संस्कृति हो, जसलाई नेपाली समाजमा वर्चश्व स्थापित गरेका शक्ति-सम्बन्धले मौलिक नेपाली राष्ट्रिय पहिचान मान्दै आएका छन् । नेपाली सार्वजनिक वृत्तमा यो मान्यता लामो समयदेखि धेरै किसिमले प्रतिविम्वित हुँदै आएको छ । तथापि राजनीतिक-सांस्कृतिक प्रभावको केन्द्रमा रहेको पहाडी सांस्कृतिक धरोहरको महत्वपूर्ण पक्षलाई हालसम्मको प्राज्ञिक अध्ययनले छुटाएको छ ।

प्रत्यूष वन्तका अनुसार १९७५ सालको वरिपरिदेखि करिब २०४५ सालबीचको अवधिलाई नेपालमा राष्ट्रियता निर्माण गर्ने एउटा सफल आयोजना स्वरूप बुझ्न सकिन्छ । २००७ सालभन्दा ३०–३५ वर्ष पूर्व प्रारम्भ भएको नेपालको वीर इतिहास लेखन-कार्य र राष्ट्रियताको विम्व तथा प्रतीक निर्माणका अभ्यासहरूलाई पञ्चायतको ३० वर्षे शासन कालमा सफलतापूर्वक पाठ्यपुस्तक, रेडियो र अन्य सांस्कृतिक अभ्यासमार्फत नेपाली समाजमा स्थापित गरियो । १९९० सालको अन्त्यसम्म पनि नेपाली पहिचान र राष्ट्रियतामा समाहित भएको 'भारत वर्ष' र 'गोर्खा' जस्ता शब्दहरु समेत पञ्चायतकालसम्म आइपुग्दा नेपाली राष्ट्रियताको साँघुरो घेरामा हराइसकेका थिए (वन्त सन् १९९६ए, सन् १९९७, सन् १९९९) । नेपाली राष्ट्रिय इतिहास, नेपाली भाषा, राजा (राजसंस्था) र हिन्दू धर्म नेपाली पहिचानका आधार स्तम्भका रूपमा करिब यही ७० वर्षमा स्थापित भएको तर्क गरिन्छ । त्यसैले यो समयावधिलाई नेपाली राष्ट्रिय पहिचान निर्माण आयोजनाको महत्वपूर्ण अवधि मानिएको छ । पञ्चायत युगले यी सबै विम्वलाई राज्यको तहबाट वैधानिकता प्रदान गरेकोले सो अवधिलाई बढी महत्वसाथ लिइएको हो ।

उपलब्ध प्राज्ञिक विश्लेषण अनुसार नेपाली समाजमा कालान्तरदेखि रहँदै आएको जस्तो लाग्ने विद्यमान नेपाली पहिचानको स्वरूप १०० वर्ष पूर्व यस्तै थिएन भन्न सकिन्छ । अर्थात् पृथ्वीनारायण शाहले नेपालको भौगोलिक विस्तार मात्र गरेका थिए । नेपाली समाजमा राष्ट्रियता एवं नेपाली पहिचान निर्माणको प्रक्रिया १९७५ सालको वरिपरिबाट मात्र प्रारम्भ भएको हो भने मधेसी पहिचानको सन्दर्भमा यो समयावधि एवं आयोजनाले प्रमुख माने राख्छ । नेपालको भौगोलिक आधारको महत्वपूर्ण हिस्सा

पहाड/हिमाल भएको, आधुनिक नेपाल निर्माणको नेतृत्व पहाडी राज्यले गरेको, विद्यमान नेपाली राज्यको आधारभूत केन्द्र र शक्ति पहाडमा नै अवस्थित भएको, तथा नेपाली संस्कृति निर्माणको अभियान सम्पूर्ण तवरमा कुनै हिसाबले पहाडी पृष्ठभूमि भएका चेतनशील युवाले डोऱ्याएकोले नेपाली पहिचान निर्माणको सोही अवधिमा पहाड पनि निरन्तरको विम्व बन्दै आयो । नेपाली जाति अर्थात् पहाडी जाति; नेपाल अर्थात् पहाड/हिमाल; राष्ट्रिय पहिचान निर्माण प्रक्रियाको केन्द्रमा रहिरह्यो । नतिजा पहाडी पहिचानले नेपाली हुनुको पहिचानलाई सघन रूपमा प्रभावित पाऱ्यो । परिणाम केही दशकको हेरफेरमै नेपाली समाजको वर्गीकरण पहाडी र मधेसी गरी दुई भागमा विभाजित भयो । पहाडी अर्थात् जसको नेपाली पहिचान र राष्ट्रियतामा कुनै शंका छैन । अनि मधेसी अर्थात् जसको नेपाली पहिचान चपेटमा पर्दै गयो, जसको राष्ट्रियतामा शंका रह्यो र जो भारतीय हुनसक्ने सम्भावनाले उसको देशभक्ति प्रश्नको दायरामा जीवित रह्यो । यसको आशय हो, नेपाली समाजको उद्‌गम थलो ऐतिहासिक रूपले नै पहाड भएकोले सबै पहाडीवासी नेपाली भएको मान्यता यस दृष्टिकोणमा समाहित छ र मधेसवासी नेपाली नहुन पनि सक्ने मान्यता यसमा निहित छ ।

२०१४/१५ सालपछि मधेसमा तीव्र वेगकासाथ भएको बसाइँसराइ र पञ्चायती युगमा सघन बनाइएको पहाडीकरण र राष्ट्रियतामा समाहित पहाडी सांस्कृतिक चिन्तन प्रक्रियाले यो मान्यतालाई थप बढावा दियो । परिणाम मधेसतर्फको बसाइँसराइ घनीभूत बन्ने क्रमसँगै पहाडी विशिष्टता नेपाली पहिचानको राष्ट्रिय विम्वको रूपमा झन्झन् तीव्र हुँदै गयो । सामान्यतः हिमाल-पहाडले ढाकेको भौगोलिक बनोटको लागि यो परिचय अनौठो थिएन । तर नेपाली पहिचानको मौलिक आधारको रूपमा पहाड स्थापित हुँदै गएकोले मधेसको अस्तित्व नै संकटमा पर्न थाल्यो । मधेसको विषयमा लेखिएका थुप्रै लेखले देशको अन्न उत्पादनको मेरुदण्ड र समथर मैदानी भाग पनि नेपाल नै हो भनेर चिनाउने स्थिति समेत आइपऱ्यो (हेर्नुहोस् गुरुङ २०४८, बराल २०६०, हिमाल २०४८, शर्मा सन् २०६१) । तथापि 'एक भाषा, एक भेष' को पञ्चायती व्यवस्थामा केवल मधेसीवासीको पहिचान संकटमा पारिएको थिएन । यही अवस्था पहाडी जनजातिहरुले समेत भोगिरहेका थिए । यद्यपि पहाडी जनजातिको तुलनामा दुई पृथक् वास्तविकता मधेसवासीको लागि टड्कारो रह्यो । पहिलो, भौगोलिक रूपमा समेत नेपाल हिमाल/पहाडले ढाकिएको विम्व प्रभावशाली भएको कारण समथर मैदानी भागको सांस्कृतिक अस्तित्व ओझेलमा पर्दै गयो । दोस्रो, विस्तारै मैदानी भागमा बसोबास गर्ने गैर-पहाडी समुदायको 'नेपालीत्त्व' परीक्षणको चक्रमा भासिँदै गएकोले उनीहरु 'नेपाली' भएको दर्साउने बाध्यात्मक अप्ठेराहरुले संरचनागत स्वरूप लिँदै गए । परिणाम पहाडीहरु नै मौलिक नेपाली भएको पहिचानले मधेसी पहिचानलाई संकटमा त पारिरह्यो साथै पहाडी राष्ट्रिय पहिचान निर्माणको संस्कृतिलाई नेपालीत्त्वको मेरुदण्ड बनायो ।

यदि नेपाली भाषा, हिन्दूधर्म, राजतन्त्र र वीर इतिहास लेखनको परम्पराबीच मात्र नेपाली राष्ट्रिय संस्कृतिको निर्माण भएको भए मधेसीहरु यसमा कुनै हदसम्म अटाउँथे । पहाडी जनजातिभन्दा फरक स्थितिमा उनीहरु हुँदैनथे । कारण नेपाली भाषा र राष्ट्रिय इतिहास लेखनको संस्कृतिले मधेसीहरुलाई धेरै हिसाबले नसमेटे पनि मधेसमा हिन्दू कर्मकाण्डको प्रक्रिया पहाडभन्दा फरक भए पनि दह्रो थियो । यो अद्यापि छ । त्यसैले सिद्धान्ततः हिन्दू धर्मले उनीहरुलाई समेट्छ । त्यस्तै आस्थाको कारण राजसंस्थालाई मान्ने कुरा मधेसमा उत्तिकै थियो । यसको आशय मधेसीहरु राजावादी हुन् भन्ने होइन ।[८] हुनलाई मधेसमा मुसलमान, थारु, राजवंशी, सतार आदि जातिहरु पनि छन् जसलाई कम्तीमा दुइटा प्रतीकले पनि समेट्दैन । तथापि मधेसको ठूलो जनसमुदाय हिन्दूधर्म र राजसंस्था वरिपरि सृजित राष्ट्रिय संस्कृतिको विम्व र प्रतीकदेखि धेरै अलग थिएनन् । तर नेपालको पहाडी पहिचानको कारण मधेसीहरुको स्थिति पहाडी अल्पसंख्यकहरुको भन्दा नितान्त पृथक् छ ।

पहाडी पहिचानलाई राष्ट्रिय सांस्कृतिक विम्वको रूपमा स्थापित गरिएकोले नै नेपाली पहिचानको भौतिक आकृति निर्माण गर्न यो अभियानले सघाउ पुऱ्यायो । मंगोल, टिवेटो–वर्मा, र आर्यमूलका मानिसहरु नेपाली हुन् भन्ने आकृति निर्माण गर्न यसले सघाए पनि त्यही आर्य मूलका तर 'कालो रङ्ग' र 'ध्वासा वर्णका' मधेसीहरु नेपाली आकृतिमा समाहित भएनन् । पहाडी समुदाय एवं बसोबाससँग जोडिएको मुखाकृति र रङ्ग पनि नेपाली पहिचानको प्रमुख आधार बनाइँदै लगियो । त्यसैले हिन्दू वर्ण-व्यवस्था मान्ने काला वर्णका मधेसका आर्यमूलका मानिसहरु मधेसी भए र उनीहरुकै हाराहारीमा वा केही पुस्ता अघिपछि नेपाल छिरेका मानिसहरु मौलिक नेपाली पहिचान बोकेका जाति भए । चारैवटा नेपाली राष्ट्रिय संस्कृतिका आधारमा हाल नेपाली भनेर चिनिएका जातिहरु समेटिए, तर मधेसीहरु त्यसमा अटेनन् । वर्तमान नेपाली समाजमा यो विभेदलाई 'पहाडे'–'मधिसे' को विम्वले समेटेको छ । यो विम्वको आशय हो : 'मधिसे' मौलिक नेपाली होइन । अर्थात् विम्व निर्माणको क्रममा भौगोलिक संस्कार एवं वर्णका कारण पहाडसँग नेपाली राष्ट्रिय संस्कृतिको मौलिक पहिचान गाँसियो, जसमा मधेसीहरु समेटिएनन् ।

---

८ लोकतान्त्रिक संघर्षमा मधेसको भूमिका जहिले पनि अग्रणी भएकोले राजसंस्था विरोधी राजनीतिक चिन्तन मधेसमा प्रगाढ थियो, र छ । २०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले 'कु' गरे लगत्तै माघ/फागुनमा मधेस भ्रमणको क्रममा मैले कुराकानी गरेका ८५ जना व्यक्तिहरुमध्ये अधिकांशको विश्वास लोकतान्त्रिक व्यवस्थामा थियो । पार्टीले गर्नुपर्ने जति काम नगरे पनि मूलतः शिक्षा र जागरणको हिसाबले मधेसी समुदायमा प्रजातन्त्र प्राप्तिपछि व्यापक सचेतना र सुधार आएको उनीहरुको विश्वास छ । निर्वाचनको प्रक्रिया मात्र अवरुद्ध नहुँदा पनि समाजको क्रियाकलाप र गतिशीलतामा धेरै फरक पर्ने उनीहरुको ठहर थियो ।

नेपाली परिचयमा हावी पहाडी बिम्वको कारण कसरी मधेसीहरुको नेपालीत्त्वमा शङ्का उत्पन्न भयो ? यस्तो खाडलले नेपाली समाजमा कसरी रङ्गभेदी दृष्टिकोण निर्माण गर्दै मधेसीलाई दोस्रो दर्जाको नेपाली बनायो ? विगत केही दशकमा मधेस/मधेसीको लागि यी सवाल अहंम भए पनि प्राज्ञिक अध्ययनहरुमा यी विषयवस्तुमा अन्तरनिहित संवेदनशीलतालाई वेवास्ता गरिएको पाइन्छ (हेर्नुहोस् दाहाल सन् १९७८, सन् १९९५, सन् २००२; झा सन् १९९३) ।[९] माथि औंल्याएका दुई प्रश्नहरुको सेरोफेरोमा गहन विश्लेषण र बहस नभए पनि 'एक भाषा, एक भेष' को पञ्चायती व्यवस्थाले मधेसीलाई नकार्ने काम गरेको धेरै आधारलाई सहजै स्वीकारिएको छ । राष्ट्रियव्यापी रूपमा हिन्दू धर्म, राजसंस्था (राजा), नेपाली भाषा, वीर इतिहास लेखनको परम्परा र पहाडी पहिचान निर्माणको सांस्कृतिक पृष्ठभूमिमा मधेससम्बन्धी प्राज्ञिक अध्ययन एवं विश्लेषण भएको छैन । तर 'नेपालीकरण'को संज्ञा अन्तर्गत नेपाली संस्कृतिले निम्त्याएको विभेदको चर्चा भएका छन् । गेइजको व्याख्याले भन्छ, मधेसमा नेपालीकरणको प्रक्रिया पञ्चायतकालमा मात्र प्रारम्भ भएको हो । उनी लेख्छन्,

> तराईमा पहाडियाहरुको बसाइँसराइसँगै नेपालीकरणको प्रक्रिया प्रारम्भ हुन थालेको छ । पहाडियाहरुको आक्रामक र जटिल संस्कारले छरपस्ट रूपमा सृजना गरेको दबाब विरुद्ध आफ्नो परम्परालाई जोगाउने सम्भावना नभएकोले नेपालीकरणको यो प्रक्रियालाई मधेसका केही मानिसहरुले सहज रूपमा स्वीकार्ने छन् (गेइज सन् १९७५: २३) ।

अझ उनी थप्छन्,

> सरकारले तराईमा नेपालीकरणको प्रक्रियालाई प्रोत्साहित गर्न विभिन्न कार्यहरु गरिरहेको छ, तर सरकारले स्पष्टसँग उनीहरुको संस्कारलाई रुपान्तरण गर्न चालेका कमदको उनीहरुले प्रतीकार गर्ने छन् । ...यद्यपि पहाडियाहरुले तराईका मानिसहरुसँग उठबस गर्न थालेपछि विस्तारी र स्वभाविक रूपमा धेरै समायोजित हुँदै जाने छ (गेइज सन् १९७५: २३) ।

पञ्चायतकालमा राष्ट्रिय एकतालाई आधार बनाएर नेपालीकरणको प्रक्रियालाई व्यापकता दिने क्रममा मधेसका धेरै जातिहरुको संस्कार एवं रहनसहन उत्तरी भारतमा बस्ने मानिसहरुसँग कालान्तरदेखि गाँसिएको, उत्तरी भारतबाट बसाइँ सरेका साथै राणाद्वारा भित्र्याएर जमिनदार बनाइएकाहरुसँग एकीकृत भएको छ भन्ने कुरालाई वेवास्ता गरियो । यो पञ्चायती व्यवस्थाको स्वार्थ अनुकुल थियो ।

उत्तरी भारतको हिन्दू संस्कारसँग मधेसको संस्कृति हजारौ वर्षदेखि समाहित हुँदै आएको हो । त्यसैले मधेसका मानिसलाई पहाडी मानिसहरुसँग सम्बन्ध गाँस्न राष्ट्रिय

---

९ २०६३ माघमा मधेस विद्रोह भइरहँदा यी दृष्टान्त टड्कारो रुपमा छताछुल्ल भएका थिए (हेर्नुहोस् गौतम २०६४) ।

एकताको नाममा उनीहरुको संस्कार नै परिवर्तन गरिरहनु आवश्यक छैन भनेर गेइजले सन् १९७५ मा औंल्याएका थिए (गेइज सन् १९७५: २३) । तर थारुहरुको सन्दर्भमा मेयर र ड्युएल भन्छन्, उनीहरु यो विशाल जंगलको उत्तरी भेगमा बसोबास गर्दछन्; त्यो समूह बढी पहाडको राजाहरुको पहुँचमा थियो र भारतीय विजेताको प्रभावभन्दा धेरै बाहिर थियो । हेमिल्टनलाई उद्धृत गर्दै मेयर र ड्युएल लेख्छन्, पहाडको फेदीदेखि २० माइल टाढासम्मको तराईलाई पहाडका राजाहरुले नियन्त्रण गरेका थिए (मेयर र ड्युएल सन् १९९९: १५१– १५२) । त्यसैले नेपालीकरणको अभियानले तराईमा रहेका थारुहरुको पहिचान मधेसीहरुकै तहमा संकटमा नपरे पनि समायोजनको प्रक्रियाले गेइजले अनुमान गरेभन्दा फरक तवरमा थारुलगायत अन्य जनजातिको संस्कारलाई व्यापक प्रभाव पा¥यो । अझ जब उनीहरुले भोग गर्दै आएको जमिनमाथि योजनावद्ध रूपमा धावा बोलियो त्यसले उनीहरुको जीवनशैलीलाई चौतर्फी असर पु¥यायो (गुणरत्ने सन् २००२) ।

२०४६ सालपछि समेत मधेसको सांस्कृतिक-राजनीतिक अधिकार पञ्चायतकालीन संकुचित गोरेटोबाट चलिरहन बाध्य पारियो । सम्भवतः पञ्चायत कालमा सघन बन्दै गएको पहाडी सांस्कृतिक ‘ओरियन्टेसन’ र राजनीतिक भक्तिको आधारमा मधेसीहरुलाई भारतीयसरह व्यवहार गर्ने (शर्मा सन् १९९२: ७–९) क्रमले २०४६ सालपछि विभिन्न तवरमा जोडदार वैधानिकता पायो । यसका अनेकौं असर देखिए । उनीहरुको ‘नेपालीत्त्व’ परीक्षणकै घेरामा रह्यो । मधेसबासीहरुलाई नेपालीसरह मान्यता दिएर समेत नेपाली समाजमा दलित, जनजातिमाथि हुँदै आएको जस्तो अन्याय कायम रहन सम्भव थियो । तर मधेसी पहिचानमा उत्पन्न विशिष्ट संकटको कारण मधेसी शोषणको प्रकृति पृथक् रह्यो । उनीहरु भारतीय भएको शंका व्यापक रूपमा हावी रहिरह्यो । यस्तो दृष्टिकोण २००७ सालपूर्वसम्म त्यति फस्टाएको थिएन । अर्थात् २००७ पूर्व राज्यको चरित्र नै बेग्लै भएकोले मधेसीहरु भारतीय मूलका हुनुले भर्खर आकार लिँदै गरेको नेपाली सार्वजनिक वृत्तमा उति चासो र चिन्ता उब्जाएको पाइँदैन । तथापि नेपाली समाजमा ऐतिहासिक समयदेखि नै आन्तरिक औपरिवेशिक शोषणमा परेको यस क्षेत्रका मूलवासीहरुले अन्य कुराको अलावा ‘नेपालीत्त्व’ र ‘नेपाली नागरिकता’ को समस्याबाट भोगेको कस्टले उनीहरुको दैनन्दिनीमा समेत चौतर्फी प्रभाव पा¥यो । त्यसैले सीके लालले भने जस्तै, मधेसी पहिचानलाई समावेश गर्न साझा नेपाली भविष्यको खोजी आवश्यक छ । सीके लाल भन्छन्, नेपाली पहिचानको निर्माण नेपाली राष्ट्रियता, नेपाली जातीयता र नेपाली नागरिकताको संगम हो । अर्थात “जो नेपाली नागरिक छ, ऊ जातीय नेपाली नागरिक पनि हुनु पर्छ र राष्ट्रिय नेपाली हुनु पर्छ । त्यसैले हाम्रो

नागरिकताको प्रमाणपत्र राष्ट्रियताको प्रमाणपत्र हो ।"[१०] पहिचान एवं आधारभूत अधिकारलाई प्रभावित तुल्याउनुका साथै नागरिकताको राजनीतिले नेपाली राष्ट्रियताको बुझाइलाई आकार दिएकोले अबको खण्ड यस विषयमा केन्द्रित हुने छ ।

## नागरिकताले जन्माएको असमानता

नेपालमा नागरिकता हरेक नागरिकको आधारभूत अधिकारसँग गाँसिएको छ । नागरिकत्त्वबाट सबै अधिकारको प्रारम्भ हुने विश्वव्यापी मान्यतालाई नागरिकताले थप प्राथमिकता दियो । टर्नरको परिभाषा अनुसार नागरिकताको गहिरो सम्बन्ध समाजमा हुने 'स्रोतको प्रवाह'सँग हुन्छ । नागरिकतालाई न्यायिक, राजनीतिक, आर्थिक र सामाजिक क्रियाकलापका समूहको रूपमा व्याख्या गर्न सकिन्छ । किन भने समुदाय र व्यक्तिका स्रोतको प्रवाहलाई नागरिकताले आकार दिइरहको हुन्छ ।[११]

मधेसीको जीविका, परिवर्तित जीवनशैली तथा स्थानीय र केन्द्रीय शासनसत्तामा उनीहरुको पहुँचसँग नागरिकताको सम्बन्ध गहिरो छ । तर मधेसीहरुलाई नागरिकता प्रमाणपत्र दिने नाममा 'भारतीयहरुले नेपाली भूमि कब्जा' गर्ने छन् भन्ने हाउँगुजी नागरिकता नदिनको लागि सबैभन्दा प्रखर रूपमा छाएकोले जन्मसिद्ध अधिकारलाई पन्छाउँदै नागरिकता नदिएको इतिहास लामो छ । यद्यपि संविधानसभाको निर्वाचन हुने पूर्वसध्यामा, २०६३ मङ्सिर १० गते, व्यवस्थापिकाबाट पारित नागरिकता ऐनले पहिलेभन्दा सहज रूपमा 'जन्मको आधारमा' नागरिकता दिन ढोका खोल्यो । यो ऐनमा "२०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्म भई बसोबास गर्दै आएको व्यक्तिलाई नागरिकता दिने" उल्लेख गरियो । यसैको आधारमा २०६३ को अन्त्यमा करिब १० लाख र पहाड/हिमालमा १२ लाख मानिसले नागरिकता पाए । लाखौं नागरिकताविहीन मानिसले नागरिकता पाए पनि सो प्रावधान आमूल परिवर्तनकारी लोकतान्त्रिक मूल्यमान्यतामा आधारित थिएन । यो नेपाली राजनीतिक परिवेशको विशिष्ट वास्तविकताको उपज थियो । तथापि पहिला जस्तै[१२] नागरिकता ऐन २०६३ को विरोधमा नागरिकता दुरुपयोग प्रतिकार समिति गठन भयो र पुनः एक पटक नेपाल 'फिजीकरण' हुने, 'सिक्किमीकरण' हुने र 'भारतीयहरुको कब्जामा जाने' चर्चा व्यापक रह्यो (हेर्नुहोस् भण्डारी २०६४) । अर्थात् साँघुरो दायरामा निर्मित पहाडी राष्ट्रवाद

---

१० २०५७ असोज १० गते मार्टिन चौतारीमा भएको 'नेपालको तराईः समस्या र समाधान' विषयक छलफलमा आधारित ।

११ टर्नर (सन् १९९३: २), बुगेल्याण्ड (सन् १९९९: ९८) मा उल्लेख भए अनुसार ।

१२ मूलतः मधेसलाई लक्षित गर्दै समय समयमा नागरिकता वितरण कार्यप्रति तीव्र विरोधहरु भएका छन् । धेरै पटक 'नागरिकता वितरण प्रतीकार समिति' वा सोही आशय जनाउने समूह पनि निर्माण भएका छन् । राष्ट्रियतालाई आधार बनाएर विरोध गरिएका केही संकलित लेखहरु र यस्ता समितिको थप जानकारीको लीग भण्डारी (२०६४) हेर्नुहोस् ।

नागरिकता वितरणको बखत पुनः हावी भयो । त्यसैले राज्यको प्रायोजनमा भारतीय आप्रवासीहरुलाई योजनावद्ध रूपमा मधेसमा ल्याइएको र उनीहरुले तराईको आर्थिक विकासमा ठूलो योगदान पुऱ्याएको ऐतिहासिक यथार्थलाई जहिले पनि यस्ता तर्कले वेवास्ता गरेको पाइन्छ । साँघुरो नेपाली राष्ट्रवादसँग मात्र नभएर स्रोतको प्रवाहसँग नागरिकताको राजनीति जोडिएको छ ।

झापाका सतारबारे गरिएको अध्ययनको आधारमा बुगेल्याण्ड भन्छन्, सतारहरुको अवस्थामा नागरिकता नपाउनुले नराम्रो चक्रको निर्माण गरेको छ । बुगेल्याण्डका अनुसार उनीहरु, "भूमिहीन भएको कारण फिरन्ते हुनुपर्छ, र यदि फिरन्ते भइयो भने मानिसले 'घुमिहिँड्ने जाति' भनेर बुझ्छन् । अनि 'घुमिहिँड्ने जाति'मा सामेल भएपछि मानिस इमान्दार हुन्न भन्ने अवधारणा पाइन्छ । इमान्दार (ल्वायल) नभएकै कारण नागरिकताको लागि अयोग्य भइन्छ" (सन् १९९९: ११३) । उनी प्रश्न गर्छन्, "तर कसैले पनि त्यो समुदायमा कसरी बस्ने आशा गर्छन् जहाँ जीविका आर्जन गर्न सकिन्न ? अनि नागरिकता पनि नपाइने साथै आफूमाथि व्यापक विभेद समेत भएको देशप्रति इमान्दार हुने अपेक्षा कसरी गर्न सकिन्छ ?" (सन् १९९९: ११३) ।

नागरिकता नहुनाले स्रोतको प्रवाहबाट अलग हुने चक्रलाई व्याख्या गर्दै बुगेल्याण्ड लेख्छन्,

> यदि सुरक्षित मोहीअधिकार गुमाइयो भने भूमिहीन होइन्छ । भूमिहीन भएपछि आफ्नो वंशज प्रमाणित गर्ने पर्याप्त कागजात आफूसँग हुन्न र त्यसपछि नागरिकताको अधिकार पनि । नागरिकता वेगर मोहीअधिकारको दाबी गर्न सकिन्न र जमिन किन्न पनि सकिन्न । ठूला कारखानाहरुमा रोजगार पाइन्न, कलेजमा भर्ना पाइन्न र निजामति सेवामा जागिर पाइन्न । परिणाम गरीब होइन्छ र सबै कुरा त्यागिन्छ । सम्भवतः राज्य पनि त्यागिन्छ जसले आधारभूत (मान्यता र) सेवा सुनिश्चित गर्न सक्दैन (सन् १९९९: ११३) ।

बुगेल्याण्डको व्याख्याले प्रस्ट पार्छ नागरिकता पनि नभएका र नेपाली हुनबाट समेत टाढा पारिँदै लगिएका मधेसीहरुको असन्तुष्टि र निराशा राज्यप्रति किन चरम छ । तर नागरिकताको पक्ष विपक्षमा नेपाली समाजमा देखा परेका धेरै अभियानहरु कि त ३४/४० लाख मधेसीहरुले नागरिकता नपाएका नारावाजीमा बढी केन्द्रित थिए; कि 'सही' नेपालीले नागरिकता पाउनु पर्ने कुरामा शंका नभए पनि विदेशीहरु (मूलतः भारतीयहरु)ले पाउनुहुन्न र नेपाल विस्तारवादीको पञ्जामा पर्नु हुन्न भन्ने कुरामा धेरै अलमलिएको थियो । २०६३ को अन्तिम महिनाहरुमा जब मधेसमा १० लाख र हिमाल/पहाडमा १२ लाख मानिसहरुले नागरिकता पाए त्यसवेला पनि धेरैले सङ्ख्यालाई मात्र लक्षित गर्दै तर्क गरे । ३४/४० लाख भने पनि आखिर मधेसमा त केवल १० लाखको मात्र कुरा रहेछ, बरु हिमाल/पहाडमा नै धेरैले पाएका रहेनछन् भन्ने उनीहरुको तर्क थियो (केसी २०६३; हिमाल २०६४) । यो तर्कले पहाड र मधेसमा

विद्यमान नागरिकतासम्बन्धी पृथक् जटिलतालाई सहज र समान रूपमा लिएको पाइन्छ । यति मात्र हैन, नेपालमा नागरिकता वितरणको इतिहासलाई इन्कार समेत गरेको देखिन्छ । अर्थात् नेपाली 'नागरिकत्व'ले कसरी 'नागरिकता'मा भिन्न विभेद निम्त्यायो भन्ने वस्तुपरक बुझाइबाट यी तर्कहरु टाढा रहे । मधेसमा मूलतः नेपाली नभएको आशंकाले गर्दा नागरिकता *नपाएका* धेरै थिए भने पहाड/हिमालमा आवश्यकता नै महसुस नगरेकोले नागरिकता *नलिएका* धेरै थिए ।[१३]

*नागरिकता वितरणको संक्षिप्त इतिहास*

समकालीन नेपाली समाजमा अधिकांश मानिस निकट वर्तमानसम्म नागरिकताविहीन भएको यथार्थ बुझ्न नागरिकता वितरणको विकासक्रम र नागरिकता ऐनमा रहेको विभेदलाई संक्षिप्तमा केलाउनु जरुरी छ । त्यसपछि मात्र संविधानसभा किन धेरै हदसम्म नागरिकताको समस्या सुल्झाउने अवसर बन्यो, २०४६ सालपछि खुला राजनीतिक वातावरणमा मधेसीहरुले नागरिकता पाउनु पर्ने माग किन उठिरहे र पटक पटकका प्रयासहरु किन असफल रहे बुझ्न सकिन्छ ।

नेपालमा २००७ सालको परिवर्तनपछि निर्वाचनको कुरा उठ्दा नागरिकताको कुनै औपचारिक परिभाषा थिएन । सन् १९५१ को सार्वजनिक प्रतिनिधि ऐन (पब्लिक रिप्रेजेन्टेसन एक्ट) ले राज्यको कुनै पनि भूभागमा बस्ने हरेक व्यक्तिलाई मतदान गर्ने अधिकार प्रदान गरेको थियो । विस्तारै नेपाली र विदेशी नागरिकबीचको फरकलाई आत्मसात गर्दै नेपाली नागरिकता व्यवस्थित एवं संरक्षित गर्ने प्रयासहरु थालिए । यसको दुई वर्षपछि नेपाल नागरिकता ऐन २००९ जारी गरियो । नागरिकतासम्बन्धी यो ऐन तुलनात्मक रूपमा हालसम्मको सबैभन्दा उदार र लचिलो ऐन थियो । नेपालमा जन्मेको वा नेपालको स्थायी बासिन्दा वा आमा–बुबामध्ये कुनै एकको जन्म नेपालमा भएको वा नेपालीसँग विवाह गरेका नारीले नेपाली नागरिकता पाउनसक्ने सुनिश्चितता यस ऐनले गरेको थियो । अंगीकृत नागरिकताको हकमा पनि केवल पाँच वर्ष नेपालमा बसोबास गरेको प्रमाणित गरेमा नागरिकता पाउने प्रावधान थियो (शर्मा-पौडेल २०६०; अध्ययन कार्यदलको प्रतिवेदन २०५७; यादव २०६०) ।

त्यसबेला नेपाल राजनीतिक अन्तरकलह, राजतन्त्रलाई सशक्त बनाउने प्रयास, राणा एवं भारदारले आफ्नो शक्ति पुनस्थापित गर्ने हरसम्भवको चेष्टाबीच गुज्रिरहेको थियो (जोशी र रोस सन् २००४; देवकोटा २०३६) । प्रशासनिक तथा व्यवस्थापनको

१३ नेपालको विभिन्न भूभागमा बसोबास गर्ने बासिन्दाले नागरिकता प्रमाण पत्रको आवश्यकता बोध नगर्नु भनेको आममानिसले जीवनका दैनिन्दिनीमा राज्यको आवश्यकता महसुस नगर्नु पनि हो । राज्य र नागरिकबीचको यस्तो सम्बन्धबारे विभिन्न ऐतिहासिक सन्दर्भ सहित यसको अध्ययन हुनसक्यो भने पहाड र मधेसका जातिहरुले भोगिरहेका भिन्न वास्तविकताको थप ज्ञान हुने छ । साथै नेपाली समाजमा नागरिक हुनुको अर्थलाई पहिल्याउन सकिने छ ।

लागि सरकारले आधारभूत जग बसाइसकेको थिएन । त्यसैले सर्वसाधारणले नागरिकता लिने प्रक्रिया सुस्त थियो । अझ नेपालको साक्षरता दर ४ प्रतिशतभन्दा कम भएको, सरकारको प्रचारप्रसारको माध्यम उति व्यवस्थित र सशक्त नभएको अवस्थामा मानिसहरु आफै सक्रिय भएर नागरिकता लिने सम्भावना न्यून थियो । राजनीतिक अस्थिरताबाट मुलुकले त्राण पाउन लागेको अवस्थामा तत्कालीन राजा महेन्द्रले प्रजातन्त्र विरुद्ध 'कू' गरे । यसको दुई वर्षपछि उनले जारी गरेको नेपालको संविधान २०१९ मा नागरिकतासम्बन्धी व्यवस्थालाई २००९ सालको तुलनामा निकै संकुचित र साँघुरो बनाइयो । २०१९ को नागरिकतासम्बन्धी प्रावधानमा *नेपाली राष्ट्र भाषा बोल्न र लेख्न जान्ने, नेपाली उत्पत्तिको व्यक्ति* जस्ता वाक्यांशको प्रयोग गरियो । यही संविधानको जगमा नेपाल नागरिकता ऐन, २०२० बन्यो जसमा यी प्रावधान अंगीकृत नागरिकताको सवालमा उल्लेख गरे पनि व्यवहारमा मधेसका व्यक्तिहरुमा लादिएकोले नै लाखौं मधेसीहरु नागरिकताविहीन रहे । पञ्चायती स्वार्थ अनुरुप नागरिकता लिनलाई पनि नेपाली भाषा अनिवार्य जान्नुपर्ने बाध्यकारी अवस्था सृजना गरियो । अर्कोतर्फ राष्ट्रिय एकता र देशभक्तिको नाममा *नेपाली उत्पत्तिको व्यक्ति* जस्ता अस्पष्ट वाक्यांशलाई पञ्चायती संविधानमा राखियो । २०२२ सालको संशोधनले यो वाक्यांशको व्याख्या गर्ने अधिकार प्रमुख जिल्ला अधिकारी र/वा अञ्चलाधीसलाई दिएर नेपाली नागरिकतालाई साँघुरो घेरामा सीमित तुल्याउने अभियानमा अर्को कडी थप्यो । एउटा प्रशासकलाई यसको व्याख्या गर्ने छुट भएकोले मधेसीमाथिको विभेदलाई व्यापक तुल्याउन यसले सघाउ पुऱ्यायो । कारण मधेसका सबै क्षेत्रमा मूलतः पहाडी पहिचानलाई मात्र नेपाली पहिचान मान्ने प्रशासकहरुकै सदैव बोलबाला रह्यो । हेर्दा अङ्गीकृत नागरिकता र विदेशीको लागि मात्र यो प्रावधान राखिए पनि मधेसीहरुले नागरिकता लिने क्रममा समेत यो व्यवस्था अनिवार्य र बाध्यकारी बन्यो । यो अभ्यासले मधेसीलाई विदेशी सरह सम्झन वा भारती हुन् भनी बहिस्कृत गर्न बल पुऱ्याइरह्यो । २००९ सालमा देखिएको नागरिकतासम्बन्धी उदार व्यवस्था पञ्चायतको आगमनसँगै 'पञ्चायती राष्ट्रियता'सँग गाँसिएर मासिन पुग्यो ।

मधेसका क्षेत्रहरुमा खस भाषाको प्रभाव रहनुभन्दा सयौं वर्षअघिदेखि थारु, मैथिली, भोजपुरी, अवधी आदि भाषा बोल्दै आएकाहरुलाई आज पनि राम्रोसँग नेपाली भाषा बोल्न आउँदैन । अझ २०१४ भन्दा अघिसम्म मधेसका स्कुलहरुमा पढाइको माध्यम हिन्दी मात्र थिएन *नेहरु हमारा प्रधानमन्त्री और दिल्ली हमारा राजधानी* भनेर नै पढाइन्थ्यो (दाहाल सन् १९९२; पंगेनी सन् २००१) । यो तत्कालीन नेपाली समाजको वास्तविकता थियो । २००९–२०१४ सालबीचको अवधिमा नेपालको राष्ट्र भाषा हिन्दी हुनुपर्छ भन्ने जोडदार माग पनि उठेको थियो । त्यसैले नेपाली र हिन्दीमध्ये कुन राष्ट्र भाषा हुने भन्ने विवाद सरकारी घोषणाले टुङ्गयाएको चार-पाँच वर्ष नबित्दै पञ्चायती संविधानले नेपाली भाषा बोल्ने र लेख्नेले मात्र नागरिकता पाउने घुमाउरो प्रावधान

राख्यो । भर्खरै नेपालीलाई राष्ट्रिय भाषा घोषणा गरेको अवस्थामा र नेपाली भाषाका विकास योजनाहरुले कागजी खाका मात्र तयार गरिरहेको समयमा यस्तो प्रावधान राख्नु मधेसीलाई मूलतः जग्गाको स्वामित्वबाट अलग राख्नु समेत थियो । जटिल प्रावधानको आधारमा नागरिकता प्रमाणपत्रबाट अलग राखे भूस्वामित्वबाट बाहिर राख्न सकिने थियो । त्यसैले यस्ता अभ्यासले वैधानिकता पाए ।

अङ्गीकृत नागरिकता लिने प्रावधान विदेशीका लागि मात्र राखिएको कानुनी व्यवस्था हो भनेर कानुनमै किटान गरिए पनि यो प्रावधान व्यवहारमा मधेसीहरुको लागि कानुनी झन्झट बनाइयो । पञ्चायती व्यवस्था स्थापित र बलियो हुँदै जाँदा झन् सशक्त र साँघुरो बन्दै गएको पहाडी पहिचानको ठूलो शिकार मधेसीहरु हुँदै गए । परिणामस्वरुप उनीहरु स्रोत र पहिचानको अभावमा राज्यविहीन नागरिकसरह बाच्न बाध्य तुल्याइए (मधेसी जनअधिकार फोरम नेपाल २०५५; मधेसी एकता कार्यदल २०६०) ।

नेपाल नागरिकता ऐन २०२० पञ्चायतको अन्त्यसम्म आइपुग्दा चार पटक संशोधन गरियो । यसबीच पञ्चायती व्यवस्थाले धेरै पटक टोलीहरु खटाएर नागरिकता वितरण गर्‍यो । नागरिकताका यी ऐन र नियमावलीको विकासक्रमसँगै नेपालीजनले नागरिकता पाउने गतिमा वृद्धि हुँदै गयो । नेपाल नागरिकता नियमावली २०२२ को आधारमा २०३७ सालसम्म सबै बालिग नेपालीले नागरिकता लिइसक्नु पर्ने प्रावधान थियो । तर २०३२ देखि २०३७–३८ सालसम्म पञ्चायती सरकारले चार विभिन्न चरणमा विभाजन गरेर टोलीहरु खटाए पनि २०४४ सालसम्म नेपालमा कुल २८ लाख २३ हजार २२४ ले मात्र नागरिकता पाएका थिए (अध्ययन कार्यदलको प्रतिवेदन २०५७: ५५) । करिब ६८ लाख बालिग जनसंख्याले नागरिकता लिएका थिएनन् । पञ्चायती व्यवस्थाको अन्त्यतिर, २०४० देखि २०४६ सम्म, पुनः चार पटक टोली खटाएर व्यापक रूपमा नागरिकता वितरण गरियो । २०४६ सालमा खटाइएको पछिल्लो टोलीले आफ्नो काम सकेर फर्कदा नेपालमा २१ लाख ४२ हजार व्यक्तिले नागरिकता पाएका थिएनन् (अध्ययन कार्यदलको प्रतिवेदन २०५७) ।[१४]

त्यसैले २०४६ सालको खुला राजनीतिक माहोलमा लाखौले नागरिकता नपाएको आवाज उठ्नु सामान्य हुन आउँछ । तर किन पञ्चायत व्यवस्थाले मधेसवासीलाई विभेद गर्दै नागरिकता वितरण प्रक्रियालाई जटिल बनायो ? २०३२ सालअघि किन कुनै पनि टोली खटाएर नागरिकता वितरण गरिएन ? २००७ सालपछि उठेका मधेसी आवाजहरुले गर्दा के पञ्चायती राज सशंकित थियो ? पञ्चायतकालमा मधेसदेखि सशंकित हुनुपर्ने र डराउनुपर्ने आधार के थिए ? यस्ता अधिकांश प्रश्नहरुको उत्तर

---

१४ २०४४ सालदेखि २०४६ बालिग तथ्याङ्क संकलन र नागरिकता वितरणको संख्या हेर्दा करिब ५२ लाख बालिग जनसंख्याले नागरिकता नलिएको देखिन्छ । तर उपलब्ध तथ्यांकको आधारमा मात्र यो संख्या सही हो भनी किटानसाथ भन्ने आधार छैन ।

हालसम्म उपलब्ध 'मधेसीका समस्या', 'समाधानको उपाय', 'मधेसीको आवाज' आदि कुनै पनि लेखनीमा पाइँदैन (हेर्नोस् गेइज सन् १९७५; थापा र मैनाली सन् २००६; गुप्ता र अन्य २०६०; यादव सन् २००६, २०६०)।

*प्रमाणपत्रमा कैद राष्ट्रियता*

मधेसमा नागरिकता विभेदको राजनीति मधेसीहरुलाई स्वतः व्यक्तिगत र सामुदायिक स्रोतबाट सहजै अलग्याउने उपाय मात्रै हैन, राजनीतिक अधिकारबाट पन्छाउने साथै पहिचानको संकट निर्माण गर्ने आयोजना थियो । यही कारण नेपाली राष्ट्रिय परिचय निर्माणको संस्कृतिले मधेसीहरुलाई सम्पूर्ण स्रोतबाट बाहिर राख्ने क्रममा २०२० को दशकदेखि नागरिकतालाई एउटा सफल संरचना बनाइयो । नागरिकता नेपाली हुनुको दस्तावेज समेत बनाइएकोले मधेसीहरुलाई गैरनेपालीको रूपमा स्थापित गर्न पहाडी परिचय बलियो प्रतीक बनाइयो ।

२०४८ सालसम्म आइपुग्दा नेपाल नागरिकता ऐन २०२० मा पाँचौँ पटक संशोधन भयो । ती कुनै पनि संशोधनले २०२० सालको साँघुरो प्रावधानमा समाविष्ट *राष्ट्र भाषा बोल्न र लेख्न जान्ने व्यक्ति* एवं *नेपाली उत्पत्तिको व्यक्ति* जस्ता वाक्यांशमा सुधार ल्याएनन् । पञ्चायतमा सघन भएको नेपाली राष्ट्रियताको साँघुरो लोकमार्गकै कारण पहाडीहरुको काल्पनिकीमा मधेसीहरु 'मर्स्या' 'धोती' 'भैया' नै रहे । अर्थात् उनीहरु काला जाति र भारतीय मूलका हुन्; जो नेपाली होइनन्, मधेसी हुन् भन्ने मानसिकता नै हावी भयो । नेपाली समाजमा वर्चश्व भएकाहरुले पहाडी चिन्तनमा आधारित 'राष्ट्रिय नेपाली संस्कृति'मा समाहित मानसिकता अँगालेका कारण २०४६ सालपछि नागरिकता वितरणमा मात्रै हैन, भाषिक अधिकार एवं राजनीतिक वृत्तमा समेत मधेसीहरुको सन्दर्भमा सोही दृष्टिकोण सघन रूपमा अभिव्यक्त भइरह्यो ।[१५] नागरिकतालाई लिएर भएको कानुनी लडाइँ यसको एउटा पक्ष मात्र हो ।

पहिलो निर्वाचित सरकारले यही मान्यतालाई आत्मसात गरेकोले नागरिकताको विषयलाई प्राथमिकता दिँदै नेपाली नागरिकता नियमावली २०४९ जारी गऱ्यो । सो नियमावलीले,

> २०३२ सालमा नागरिकता वितरण गर्ने अधिकारी (नागरिकता टोली) को रेकर्डमा समावेश भएका नामहरुको आधारमा नागरिकता दिने, २०३७ सालको जनमत संग्रहको मतदाता नियमावलीमा नाम भएकालाई नागरिकता दिने, र नेपालभित्र कुनै पनि सरकारी वा सरकारी स्वामित्वमा रहेको संस्थामा अविच्छिन्न सेवा गरिरहेको वा सेवा

१५ २००७-१७ सालबीच र २०४६ साल पछि जातीय अधिकारको केन्द्रमा भाषिक अधिकार रहँदै आएकोले मधेसी राजनीतिलगायत अन्य संघर्षलाई आकार दिन यसको भूमिका अहं छ । साथै सार्वजनिक वृत्तका राष्ट्रियताको बुझाइ एवं विषयलाई प्रभावित तुल्याउने यो प्रमुख माध्यम भए पनि यसको विस्तृत व्याख्या यस लेखमा गरिएको छैन ।

गरी अवकाश प्राप्त गरेको व्यक्ति नागरिक मानिने जस्ता प्रावधान समावेश गर्‍यो (अध्ययन कार्यदलको प्रतिवेदन २०५७: ७१) ।

सो नियमावलीले सहज कार्यान्वयनको लागि गाविस अध्यक्ष र उपाध्यक्षले कुनै पनि नागरिकता पाउने व्यक्तिलाई सिफरिश गर्नसक्ने अतिख्यारी दियो । उपेन्द्र यादवका अनुसार, यस आधारमा नागरिकता पाउन केही सजिलो भएको थियो । यसरी निकै सहज हिसाबले थालनी भएको नागरिकता वितरण कार्य विरुद्ध संविधानसँग उक्त नागरिकता नियमावली बाझियो भनी अधिवक्ता बालकृष्ण न्यौपानेको रिट पर्‍यो ।[१६] त्यही रिटको पक्षमा फैसला गर्दै सर्वोच्च अदालतको विशेष इजलासमा गरिएको निर्णयको आदेशले यस नियमावली अन्तर्गत नागरिकता वितरणमा रोक्का गर्‍यो (यादव २०६०: ३०) ।

२०५१ असारमा बालकृष्ण न्यौपानेको रिटको पक्षमा सर्वोच्चको आदेशको सार थियो : नेपाल नागरिकता ऐन एवं नियमावली नेपाल अधिराज्यको संविधानसँग बाझिएको छ । त्यसैले सो बदर गरियो र अमान्य घोषित गरियो (अध्ययन कार्यदलको प्रतिवेदन २०५७: ७२) । त्यसपछि २०५१ सालमा एमालेको नेतृत्वमा रहेको सरकारले पनि नागरिकता वितरणका केही प्रयासहरु गरे । तत्कालीन सरकारद्वारा गठित धनपति उपाध्याय आयोग २०५१ ले नागरिकता नपाएका लाखौं (३४ लाख) व्यक्तिहरुलाई सरल र छिटो छरितो ढङ्गले नागरिकता दिन सिफारिश गरेको थियो । धनपति आयोगको सुझावलाई कार्यान्वयन गर्न २०५२ सालमा महन्थ ठाकुरको नेतृत्वमा आयोग गठन गरियो । त्यसको केही समयपछि यिनै सुझावलाई मूर्तरुप दिन २०५३ चैत २२ मा जितेन्द्र देवको संयोजकत्वमा नागरिकता अनुगमन तथा कार्यमूल्यांकन समिति गठन गरियो । यो समितिले तयार गरेको कार्य निर्देशिकाको आधारमा सरकारले टोली गठन गरी अधिराज्यका ३४ लाख नागरिकताविहीनलाई नागरिकता प्रदान गर्ने अधिकार सुम्पेको थियो । पहिलो चरणमा टोलीले ३४,०४० नागरिकता वितरण गर्‍यो (यादव २०६०; उप्रेती सन् २००६) । यस्तो वितरण प्रक्रियाको पक्ष विपक्षमा बहस तीव्र बन्यो (हेर्नुहोस् पौडेल सन् २०००, २००१) । त्यसैले राजनीतिक वृत्तमा समेत कानुनी आवरणमा पहाडी राष्ट्रियताको साँघुरो चिन्तन सशक्त रह्यो । उदाहरणको लागि २०५७ सालमा प्रतिनिधिसभाबाट पारित गरिएको 'नेपाल नागरिकता विधेयक २०५६' (नेपाल नागरिकता ऐन २०२० को छैटौं संशोधन) लाई अदालतले संविधान सम्मत नभएको भनेर खारेज गरेपछि नागरिकताको विवाद पुनः दोहोरियो । सो विधेयकमा मत हाल्ने दिन नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रतिनिधि सभामा अनुपस्थित रहेर विधेयक पारित गर्न मार्ग प्रशस्त गरेकोमा चौतर्फी आलोचना भयो ।

---

१६ विस्तृत विवरणको लागि २०४९ सालको रिट नं. २४८५ हेर्नोस् ।

उक्त विधेयक संसदको सोह्रौँ अधिवेशनमा सबै राजनीतिक दलहरुद्वारा,

> पारित भए पनि राष्ट्रिय सभामा पुगेपछि उक्त संशोधन विधेयकलाई नेकपा एमालेको असहयोगका कारणले राष्ट्रिय सभाले बहुमतबाट अस्वीकार गरी पुनः प्रतिनिधि सभामै पठाएको थियो । राष्ट्रिय सभाबाट फिर्ता आएपछि पुनः प्रतिनिधि सभाबाट पारित गर्ने समयमा उक्त संशोधित विधेयकको सत्तारुढ दल नेकाँबाहेक सबै दलहरुले विरोध जनाएका थिए भने नेपाल सद्भावना पार्टी तटस्थ रहेको थियो । प्रतिनिधिसभामा विपक्षी दलहरुको विरोधका बावजुद सत्तारुढ दल नेकाँले आफ्नो बहुमतको आडमा प्रतिनिधि सभाबाट पुनः पारित गरी उक्त विधेयक उपर लालमोहर लगाउन श्री ५ समक्ष जाहेर गरेको थियो । राजाले विधेयकका सम्बन्धमा सर्वोच्च अदालतको सल्लाह मागेकोमा सर्वोच्चले उक्त विधेयकलाई नेपाल अधिराज्यको संविधान २०४७ सँग बाझिएको र संविधान सम्मत नभएको राय प्रस्तुत गरेको थियो । संसदबाट पारित गरी लालमोहरका लागि राजा समक्ष प्रस्तुत गरेको विधेयक पछि देउवा सरकारले फिर्ता लियो (यादव २०६०: ३२) ।

यादवका अनुसार विधेयकमा उल्लेख “वंशजको नागरिक ठहर्ने व्यक्तिको पिताले नागरिकता प्रमाणपत्र नलिएको भए पनि निजको सन्तान नेपाली हुनेछ” वाक्यांश नै विधेयकको सबैभन्दा विवादास्पद पक्ष थियो (यादव २०६०: ३२) । अर्थात् जन्मसिद्ध अधिकारको आधारमा नागरिकता पाउने कुराको ठूलो विरोध भएको थियो, जसलाई सञ्चारजगत र काठमाडौँका वर्चश्ववादीहरुले राष्ट्रको हित विपरीत ठहराएका थिए (उप्रेती सन् २००६: १०८-१०९) ।

तत्कालीन नेकपा (माले)को अध्ययन कार्यदल आफ्नो प्रतिवेदनमा लेख्छ,

> यदि यी देशहरुका (चीन र भारत) नागरिकहरुमध्ये सानो संख्याले मात्र नेपालको नागरिकता पाउने हो भने नेपाल राष्ट्रको स्थिति कस्तो होला सजिलै अनुमान गर्न सकिन्छ । ...चीनसँग डराउनु पर्ने अवस्था छैन... भारतसँग छ । ...अब उनीहरु (भारत) नेपालको राज्ययन्त्रमा आफ्ना नागरिकहरु घुसाउने षड्यन्त्रमा भएको बुझिन्छ । ...(यो विधेयक) ‘राष्ट्रघाती’ ...र संविधान प्रतिकूल भएको हुनाले यसलाई संसदमा प्रस्तुत गर्न र पारित गराउन सरकारले निकै जालझेल र षडयन्त्र समेत गरेको देखिन्छ । ...यो विधेयक ऐन हुने हो भने त नेपालमा ‘जन्मेका’ भनिने भारतीयहरुका ‘आमा’का भारतभरिका सन्तानले समेत नेपाली नागरिकता पाउने भए (अध्ययन कार्यदलको प्रतिवेदन २०५७: २, ३, ६, ८) ।

यसरी अध्ययन प्रतिवेदनभरि नेकपा (माले)ले अमूर्त राष्ट्रियताको कुरा गर्दै जन्मसिद्ध अधिकारको आधारमा नागरिकता दिने कुरालाई भरमग्दुर विरोध गर्‍यो ।[१७] “‘सर्वपक्षीय

---

१७ साभार गरिएको मुख्य पाठमा नागरिकता समस्याको मुख्य कारण जिल्ला प्रशासन र जनप्रतिनिधिहरुको भ्रष्टाचार हो, भनी यसरी चिन्ह लगाएर पटक पटक जोड दिइएको पाइन्छ (हेर्नुहोस् अध्ययन कार्यलदलको प्रतिवेदन २०५७: १४, १७, ३७) । नागरिकता वितरणसँग गाँसिएको

समिति' र टोली गठन गरेर विदेशी होइन नेपालीले नागरिकता पाउने वातावरणको निर्माण गरिनु पर्छ; तर सर्वपक्षीय समितिको सिफारिशमा गठन गरिने टोलीका कर्मचारी तथा हाकिमहरु नागरिकता समस्या समाधान गर्न इच्छुक, राष्ट्रभक्त, निष्पक्ष, र भ्रष्टाचार नगर्ने हुनुपर्छ" भन्ने कुरामा पार्टीले मुख्य जोड दिएको थियो (अध्ययन कार्यदलको प्रतिवेदन २०५७: ४७) ।

यसरी भारतलाई अघि सारेर नागरिकता विधेयकको विरोध गर्नेमा नेकपा (माले) मात्र एक्लो थिएन । मूल रूपमा राष्ट्रियताको नारा वरिपरि रुमलिएर विधेयकप्रति प्रतिक्रिया व्यक्त गर्दै नेपाल सिक्किमीकरण र फिजीकरण हुने खतरा औंल्याउने लाममा सबै कम्युनिस्ट पार्टी अघि अघि (यादव २०६०: ३२), गैरकम्युनिस्ट पछि पछि थिए । यस्ता बहसहरुबीच कानुनी संघर्ष जारी रहेकोले एमालेको अल्पमतको सरकारले टोलीमार्फत गरेको नागरिकता वितरणलाई धेरै पछि २०५८ साउन ८ मा सर्वोच्चको कार्यनिर्देशिका बमोजिम गैरकानुनी प्रक्रिया ठहऱ्याउँदै रद्द गर्ने आदेश दियो । सो विवरणमा नागरिकता प्राप्त गर्नेहरुलाई सर्वोच्चले गैरनेपाली अथवा अनागरिक नठहऱ्याए पनि उनीहरुलाई दिइएको नागरिकता पुनः फिर्ता लिइएको थियो (यादव २०६०: ३१–३२) । सर्वोच्च अदालतले यसरी नागरिकता रोक्का गरेपछि बुगल्याण्डले भने जस्तै स्रोतको प्रवाहमा यसले ठूलो असर पुऱ्यायो । टोलीद्वारा वितरित नागरिकता रद्द गर्ने आदेशको पालना गर्दै,

> ...गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारीहरुलाई उक्त नागरिकता लिएकाहरुको सम्पूर्ण कारोबार रोक्का गर्न विशेष निर्देशन दिनुका साथै नागरिकताबाट आर्जित सम्पूर्ण सम्पत्ति रोक्का गर्न, घर, जग्गा जमीन खरिद बिक्री गर्न नपाउने, राहदानी जारी नगर्ने, नागरिकताको आधारमा कुनै अन्य परिवारको सदस्यलाई नागरिकता प्रदान नगर्ने जस्ता निर्देशन... (यादव २०६०: ३२)

दियो । यो घटना मधेसीहरुको कहालीलाग्दो र संकटग्रस्त जीवनको एउटा आयाम मात्र हो । प्रजातन्त्र आएको दशकौँसम्म मधेसीहरुको 'गुणस्तरीय जीवन' टाढाको कुरा बनिरह्यो । न्यूनतम बाच्न पाउने अधिकारको लागि समेत नेपाली राज्यमा विद्यमान ऐनकानून र अदालत बाधक बनिरह्यो । यस्ता प्रतिक्रियाले मूलतः मधेसीको क्षेत्रीय

---

प्रशासनिक एवं व्यवस्थापकीय कारण र भ्रष्टाचार बेग्ले अनुसन्धानको विषय हो । संविधानसभा पूर्व आठ दलको संरक्षत्व र सिफारिशमा वितरित हुँदा समेत भ्रष्टाचार विवादको चर्को विषय थियो । अन्य अवस्थामा भने दलका यिनै प्रतिनिधि र कार्यकर्ताले भ्रष्टाचारका कुरा उठाइरहेका हुन्छन् । विगतमा छाएको राष्ट्रियताको चिन्ता, धेरै 'अनेपाली' र मूलतः 'भारतीय'ले नागरिकता पाएको विरोध साथै भ्रष्टाचारको कुरा २०६३/०६४ मा नागरिकता वितरण हुँदा समेत व्यापक रह्यो । त्यसैले विद्यमान सरकारी संयन्त्र र सोसँग जोडिएको राजनीति तथा दलहरुको दोहोरो चरित्र पृथक् शोधको विषय हो ।

समस्याहरुलाई निरन्तरता दिन र मधेसीलाई दोयम नागरिकसरह राखिराख्न सघाए । नागरिकतालाई राष्ट्रियताको दस्तावेज बनाउने हरसम्भव प्रयास भए ।

लोकतन्त्र कुनै पनि मानिसले उपभोग गर्ने नागरिक, राजनीतिक र सामाजिक अधिकार हो ।[१८] मार्सलका अनुसार नागरिकताले मानिसलाई यो अधिकार उपभोग गर्ने बाटो खोल्छ साथै समुदायको पूर्ण सदस्यता प्रदान गर्छ । दोस्रो, जो यो समान हैसियतसँग सम्बन्धित छन् उनीहरुले अधिकार र कर्तव्यसँग गाँसिएको समान हैसियत पनि ग्रहण गर्छन् । त्यसैले नागरिकताले कुनै पनि नागरिकलाई सामाजिक असमानता र विभेदबाट छुट्कारा दिने एवं राजनीतिक र सामाजिक अधिकार ठम्याउने धरातल निर्माणमा सघाउ पुऱ्याउँछ । यही कारण सामाजिक वर्गसँग नागरिकत्वको गहिरो सम्बन्ध छ । नागरिकताले विपन्न वर्ग उत्पादन गर्न संरचनागत जटिलता निर्माण गर्नु एउटा ठोस दृष्टान्त हो । झापाको सतारका सन्दर्भमा बुगेल्याण्डले गरेको व्याख्याले मधेसी समाजमा थप साकार रूप लिँदै गयो । केही दशकमै यस्तो प्रावधानले माथि औँल्याएझैँ मधेसीहरुलाई स्रोतबाट बाहिर राख्न सघाउनुका साथै उनीहरुको पहिचानमाथि संकट निम्त्याउन र राष्ट्रिय इमान्दारिताप्रति प्रश्न उठाउने आधारहरुमा बल दियो । त्यसैले नागरिकतासँगै स्रोत र आधारभूत अधिकारबाट मधेसीहरुलाई बाहिर राखिएको मात्र हैन उनीहरुलाई नागरिकता नपाउने अवस्था सृजना गरेर मधेसमा धेरै गरीब उत्पादन गरिएको सहजै बुझ्न सकिन्छ ।

यी पक्षहरु बाहेक नागरिकतासम्बन्धी ऐन-कानुन पुरुषलाई सहयोगी हुने प्रावधानले भरिपूर्ण थिए, जसले मधेसी महिलाहरुलाई तेहोरो रूपमा पराश्रित बनायो ।[१९] यस्ता पुरुष प्रधान प्रावधानहरु जीवितै छन् । अर्कोतर्फ भोटको राजनीतिसँग नागरिकताको सम्बन्ध गहिरो रह्यो । नागरिकताविहीन रहेको अवस्थामा समेत मतदान गर्ने मधेसीहरुको संख्या २०४६ सालपछि लाखौँमा रहेको अनुमान धेरैको छ । यो वास्तविकताले भन्छ, नागरिकतासम्बन्धी जटिलतालाई राजनीतिक दलहरुले छोटो दूरीमा मूल्याङ्कन गर्दै भोटको राजनीतिको लागि उपयोग गरिरहे ।[२०] संविधानसभाको निहुँमा नागरिकतामार्फत ठूलो हदसम्म गरीब उत्पादन गर्ने संरचनागत स्वरुपको अन्त्य भए पनि पुस्तौं पुस्तासम्म यसका असरहरु रहने पक्का छ ।

---

१८ बारबलेठ (सन् १९९७) मा उल्लेख्य गरिए अनुसार टी एच मार्सलको *सिटिजनसिप एण्ड सोसियल क्यास* (सन् १९५०) ।

१९ नागरिकताका कानुनी प्रावधानले पुरुष प्रधान संरचना निर्माणमा सघाउ पुऱ्याएको मसिनो विश्लेषणको बेग्लै शोध गरिनु पर्छ । राज्यका प्रमुख कानुनी प्रावधानले पुरुष प्रधान वैधानिकता सृजना गरेको विश्लेषणको लागि तामाङ (सन् २०००) हेर्नुहोस् ।

२० यस विषयमा शोध गरिरहेको क्रममा मैले पनि र अन्य थुप्रै सन्दर्भमा धेरैले जानेबुझेको वास्तविकता हो यो । यो पक्षमा व्यवहारमा राजनीतिक दलहरुले कसरी खेले त्यसको समाजशास्त्रीय शोध महत्वपूर्ण हुन्छ, जुन यहाँ सम्भव भएन ।

## अन्त्यमा

आरम्भमा उल्लेख गरे जस्तै नेपाली समाजमा मधेसी अधिकारका आवाजहरु २००७ सालको खुला राजनीतिक वातावरणसँगै सार्वजनिक हुन थालेका हुन् । भारतबाट वेलायतीहरुको प्रस्थान र त्यसको लगत्तै नेपालमा राणा शासनको अन्त्यपछि मधेसीको अधिकारको लागि सही एवं साझा राजनीतिक संघ-सस्था र प्रक्रियाको खोजी प्रारम्भ भयो । २००७ सालपछि मधेसी अधिकारको लागि जति पनि राजनीतिक दल र समूहहरु खुले ती कि त पञ्चायतमा विलिन भए कि तिनको प्रभाव न्यून र नगण्य हुँदै गयो । तथापि २००७-१७ बीचमा नेपाल तराई काँग्रेसले उठाएको स्वायत्त तराई राज्य, हिन्दी भाषा र निजामतीमा तराईबासीको सहज पहुँच र २०१० सालपछि रघुनाथ ठाकुरले उठाएको मधेसको वेग्लै अस्तित्त्व र पृथक् राष्ट्र हुनुपर्ने मागले मधेसलाई राजनीतिक ऐतिहासिकताको सन्दर्भमा हेरिनुपर्ने आधारहरु निर्माण गरिरहे पनि त्यस्तो अध्ययन भएको पाइँदैन ।[२१]

नेपालमा लोकतान्त्रिक व्यवस्था एवं संसदीय अभ्यासले अलि राम्रै अनुभव बटुलेको २०४६ सालपछि नै हो । शताब्दीदेखि नेपाली समाजमा गुम्सिएको र नेपाल अधिराज्यको संविधान २०४७ बनाउने क्रमसँगै छताछुल्ल भएको जातीय र क्षेत्रीय चासोले सोही समयदेखि आन्दोलनको रूप ग्रहण गर्दै गयो । यस्तो बहस र आन्दोलनमा मधेसका सन्दर्भहरु जनजाति, दलित, महिला तथा बालबालिकाजस्ता सवालझैं टड्कारो रूपमा अघि आउन सकेनन् । मधेसी संघर्ष अरु जस्तो किन रहेन र मूलतः राजनीतिक संघर्ष नै रहने सम्भावना किन रह्यो भनेर घोत्लिने केही ऐतिहासिक आधारको मसिनो विश्लेषण यस लेखमा गरियो । यस आलेखमा औंल्याए जस्तै मधेसीहरु 'वास्तविक नेपाली' तथा नेपाल राष्ट्रप्रति इमान्दार भएको आशंकाको आधारमा विगत लामो समयदेखि मधेसी विरुद्ध ज्यादती हुँदै आयो । यिनै आशंकालाई स्थापित गर्न विभेदका अनेकौं स्वरुप देखापरे जसले मधेसीलाई अलग्यायो । अन्यायका बहुआयामिक अभ्यासको आधारमा कालान्तरमा सांस्कृतिक धरोहर र आर्थिक-राजनीतिक संरचना सृजना गरिँदै लगियो । यस्ता सिलसिलाले समकालीन नेपाली समाजमा मधेसीलाई 'दोयम' नेपाली बनायो; राज्यको 'मूलधार'मा उनीहरुको उपस्थिति नगण्य बनायो; र पछिल्लो संघर्षपछि क्षेत्रीय तथा जातीय दलको उदय तथा एक पृथक् राजनीतिक शक्तिको रूपमा मधेस केन्द्रीय राजनीतिमा स्थापित भयो । सामाजिक-राजनीतिक रूपमा निर्माण भएकै परिणाम पछिल्ला केही दशकमा 'मधेसी'को शब्दिक अर्थ बदलिँदै गयो । संघर्षले बेग्लै रूप र आकार लिँदै गयो । त्यसैले ऐतिहासिक सन्दर्भमा मधेसलाई बुझ्ने बुझाउने क्रममा जातीयताको अध्ययन नेपाली राष्ट्रियता एवं भू-राजनीतिक दृष्टिकोणबाट हुन

---

२१ नेपाल तराई काँग्रेस र अन्य समूहबारे विस्तृत जानकारीको लागि गेइज (सन् १९७५) र रघुनाथ ठाकुरसँग आवद्ध मधेस मुक्ति आन्दोलन र मधेस जनक्रान्तिकारी दलको लागि ठाकुर (२०५२) हेर्नुहोस् ।

समेत आवश्यक छ । अर्थात् राष्ट्रिय एकता, क्षेत्रीयता, बसाइँसराइको समीकरण आदि विषयवस्तुभन्दा फराकिलो दायरामा मधेसलाई हेरिनुपर्छ ।

यो आलेख त्यस तर्फको सानो प्रयास हो । यद्यपि यस लेखमा पनि पहाडी मात्र होइन, पुरुष प्रधान पहाडी वर्चश्वले लैङ्गिकताको सांस्कृतिक चिन्तनमा पारेको असरलाई केलाइएको छैन । यहाँ मधेसी होइन, केवल पुरुष प्रधान मधेसी चिन्तनले पहाडी संस्कारलाई दिएको चुनौतीको मिहिन विश्लेषण पाइन्छ । पुरुष प्रधान पहाडी वर्चश्वको कारण मधेसीलगायत मधेसका विभिन्न जातजातिमा उत्पन्न लैङ्गिक असरहरु यस लेखमा राम्रोसँग प्रतिविम्वित भएको छैन । यसको अर्थ हो, हालसम्मको मधेसी संघर्ष एउटा पुरुष प्रधान वर्चश्वलाई अर्कोथरि पुरुष प्रधान वर्चश्वले विस्थापित गर्ने प्रयास मात्र बनिरहेको छ । यस प्रारम्भिक विश्लेषणमा औँल्याए अनुसार रूप/आकृति, वर्ण, जीवनशैली, भौगोलिक परिवेश आदि अनेकौँ पक्षमा छाएको पहाडी वर्चश्वको कारण 'नेपाली राष्ट्रियता'मा पहाडी काल्पनिकताको विम्व प्रभावशाली रह्यो । राजा/राजसंस्था, हिन्दू धर्म, नेपाली भाषा र राष्ट्रिय इतिहास लेखनको परम्परा वरिपरि नेपाली राष्ट्रियता निर्माण भइरहँदा पहाडी काल्पनिकी पनि केन्द्रमा रहेकोले पहाडी संस्कृति बहुआयामिक तवरमा नेपाली हुनुको केन्द्रमा छाइरह्यो । यसले मधेसीलाई परित्यक्त बनाउने अभियानलाई थप बल पु¥यायो । पहाडी सांस्कृतिक चिन्तन 'नेपालीपन'को चुरो रहेकोले 'वास्तविक नेपाली', 'नागरिकता' र 'स्रोत/श्रम'बीचको आपसी सम्बन्ध सघन रूपमा जेलियो । छोटै समयमा यी संरचना एकआपसलाई सघाउने चक्रमा होमिए जसले मधेसी पहिचानमा संकट पु¥याउन, उनीहरु 'वास्तविक नेपाली' भएकोमा प्रश्न तेर्स्याउन, र स्रोत/साधनबाट उनीहरुलाई अलग राख्न थप बल प्रदान ग¥यो । यस्ता अनेकन विभेदका बाबजुद मधेसीहरुको काल्पनिकीमा बेग्लै राष्ट्रको कल्पनाभन्दा बढी कतै मधेस पृथक् राज्यमा रहेको हो कि भन्ने आभास छ । त्यसैले नेपाली समाजको अभिन्न अङ्ग स्वरुप मधेसी समुदायका सांस्कृतिक राजनीतिक अधिकार स्थापित गर्न जुझारु आकांक्षा मधेसीहरुबीच प्रगाढ छ ।

यस्ता केही अवस्था स्पष्टै देखिए पनि समाजमा विद्यमान जटिल सम्बन्धहरुलाई ठम्याउने, मिहिन रूपमा चिरफार गर्ने र सर्वसाधारणको दैनन्दिनीमा अन्यायले निम्त्याएका असरहरुलाई बुझ्ने कार्य प्राज्ञिक जगतमा उतिसारो भएन । जे जति प्राज्ञिक कार्य भए तीमध्ये अधिकांशले विषयवस्तुमा समाहित जटिलता एवं संवेदनशीलतालाई बेवास्ता गरे । अन्यायका स्वरुप र आयाम तथा ती मतभेदलाई प्रतिकार गर्न रचिएका संघर्षका राजनीतिक परिवेशलाई समेत उचित तवरमा ठम्याएनन् । नतिजा मधेसी आकांक्षामा समाहित संवेदनशीलतासँगै विषयवस्तुको चुरो पनि ओझेलमा प¥यो । सामाजिक र राजनीतिक वृत्तमा मात्र हैन प्राज्ञिक जगतमा समेत मधेस परित्यक्त रह्यो । संवेदनशीलतालाई ध्यान पु¥याइएका अध्ययनहरुमा विगतमा अन्याय/अत्याचार भएका सपाट प्रस्तुति रह्यो वा थोक वास्तविकतालाई भावनात्मक नारामा प्रस्तुत गर्दै

परिवर्तनका विशाल सपना देखाउने कार्य भए । त्यसैले मधेसी संघर्षको राजनीतिक उदय पनि पहाडी चिन्तन प्रणालीलाई चिर्ने, विभेदका विद्यमान संरचनाहरुलाई पहिल्याउने, र वैकल्पिक सम्भावनाहरु औँल्याउने कार्यका केन्द्रित नभएर विरोध र प्रतिकारको राजनीतिक परिवेशमा अल्भिmएको छ । हालसम्म मधेसी संघर्षले न त हिन्दूवादी चिन्तनलाई चिर्न नै योगदान पुऱ्याउने छ न त पुरुषप्रधान स्वार्थभन्दा फराकिलो दायरामा अघि बढ्ने सम्भावना देखाएको छ । त्यसैले असफल आकांक्षाबीचको जीवनवृत्ति, थप अन्योल र भ्रम मधेसीको नियति हुने छ । यसको अर्थ हो - आगामी दिनमा प्राज्ञिक कार्यको चुनौती न्यून तथ्यगत ऐतिहासिक विश्लेषणको कारण विशाल; जातीय भावुकता एवं आकांक्षाहरुको असफल समायोजनका कारण संवेदनशील; आन्तरिक विविधता एवं बहुआयामिक संरचनामा जेलिएकोले जटिल एवं छद्मरुपी; भू-राजनीतिक अवस्थितिको कारण एकैसाथ क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय हुने छ । यस्ता बृहत् एवं बहुआयामिक चुनौती रहनु नै विशाल सम्भावनाहरु साथमा हुनु हो । अन्य वृत्त र एजेन्सीहरुले जस्तै प्राज्ञिक जगतले यसलाई अवसरमा परिणत गर्छ कि गर्दैन त्यो धेरैले हेर्नेछन् ।

## आभार

यो लेख २०६१ फागुनमा सोसल साइन्स बहाःले आयोजना गरेको 'नेपाल तराई : कन्टेक्स्ट एन्ड पोसिबिलिटिज' सम्मेलनमा प्रस्तुत 'सहभागिता र प्रतिनिधिमूलक राजनीति र मधेस' शीर्षक कार्यपत्रको परिमार्जित रूप हो । त्यसैले यसमा समाविष्ट आधारभूत तर्कहरु सोही कार्यपत्रमा समाहित विषयवस्तुको परिस्कृत रूप हो । सो सम्मेलनका सहभागीहरु र त्यसपछिका वर्षहरुमा मधेसमा अवस्थित सर्वसाधारण, स्थानीय अगुवा र अभियन्ताहरुसँग भएका कुराकानी मसिनोसँग मधेस बुझ्नलाई उपयोगी रहे । उहाँहरु सबैको निरन्तरको सहयोगप्रति आभारी छु । यसबीच मधेसी राजनीतिमा भएको ठूलो उथलपुथलले मधेसको बहुपक्षीय आयामलाई हेर्ने दृष्टिकोणमा थप निखार ल्याएको छ, जसलाई इन्कार गर्न सकिन्न । यस जर्नलका लागि तयार गरिएको मस्यौदामाथि सीके लाल, सेरा तामाङ, प्रत्यूष वन्त, संजोग रुपाखेती, शेखर पराजुली, चन्द्रकिशोर, खगेन्द्र संगौला र जर्नलका एक अन्जान टिप्पणीकारबाट प्राप्त महत्त्वपूर्ण सुझावले यस आलेखलाई पठनीय बनाएको छ । उहाँहरु सबैप्रति कृतज्ञ छु । अन्यथा सबै कमीकमजोरी मेरै हुन् ।

## सन्दर्भ सामग्री

अध्ययन कार्यदलको प्रतिवेदन । २०५७ । नागरिकता विधेयक २०५७ का सम्बन्धमा नेकपा (माले) को दृष्टिकोण । काठमाडौंः नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवाद–लेनिनवाद) ।

उप्रेती, बी. सी. । सन् २००६ । नागरिकताको राजनीति । *मधेस : समस्या र समाधान* मा । वसन्त थापा र मोहन मैनाली, सं., पृ. ९९-१११ । ललितपुर : सोसल साइन्स बहाः ।

के.सी., शरद । २०६३ । सकियो मुद्दा । *हिमाल,* १६-३० चैत्र, पृ. १८-२० ।

गुप्ता, जयप्रकाश । २०६१ । *मधेसः समाजिक संरचना र विभेद (जनगणना २००१) ।* काठमाडौंः मधेसी मानवअधिकार संरक्षण केन्द्र ।

गुप्ता, जयप्रकाश, उपेन्द्र यादव, डा. हरिवंश झा र अमरेश नारायण झा । २०६० । *नेपाली मधेसीका समस्याः चार विचार* । काठमाडौंः मधेसी मानवअधिकार संरक्षण केन्द्र ।

गुरुङ, हर्क । २०४८ । गतिशील क्षेत्रको संरचना । *हिमाल* १(१): ५५–५६ ।

गौतम, भास्कर, सं. । २०६४ । *मधेस विद्रोहको नालीबेली* । काठमाडौं : मार्टिन चौतारी ।

ठाकुर, महानन्द । २०५२ । *अमर शहीद रघुनाथ ठाकुर "मधेशी" का जीवन-वृत्त और उनकी कृतियाँ* । राजविराज : महानन्द ठाकुर ।

दाहाल, डिल्लीराम । २०५३ । मधेशिया–पहाडिया अन्तरसम्बन्धः सामञ्जस्यको खाँचो । *हिमाल,* असार–असोज, पृ. २४–२७ ।

देवकोटा, गृष्मबहादुर । २०३६ । *नेपालको राजनीतिक दर्पण ।* काठमाडौंः ध्रुवबहादुर देवकोटा ।

थापा, वसन्त र मोहन मैनाली, सं. । सन् २००६ । *मधेस : समस्या र सम्भावना* । ललितपुर : सोशल साइन्स बहाः ।

पंगेनी, भवेश्वर । २०५८ । नेपालमा भाषा विवादः एक राजनीतिक मुद्दा (वि.सं. २०१०–२०१५) । *भ्वाइस अफ हिस्ट्री* १६(२): ९१–१०८ ।

बराल, सीताराम । २०६० । किन बढे तराईमा माओवादी । *जनआस्था,* फागुन पृ. ५ ।

भण्डारी, साध्यबहादुर । २०६४ । *नागरिकतामा राष्ट्रघात ।* काठमाडौं : नागरिकता दुरुपयोग प्रतिरोध केन्द्रीय समिति ।

मधेसी एकता कार्यदल । २०६० । नेपालका मधेसी समुदायको राष्ट्रिय अवधारणा–पत्र । ठाउँ उल्लेख नभएको ।

मधेसी जनअधिकार फोरम नेपाल । २०५५ । *नेपालको मधेसी समुदायको समस्या र समाधानको बाटो* । विराटनगरः मिथिला टाइम्स प्रकाशन ।

मधेसी जनअधिकार फोरम नेपाल । २०६१ । *नेपाली मधेसीका समस्याः संविधानसभाको औचित्य* । काठमाडौंः मधेसी जनअधिकार फोरम नेपाल ।

यादव, उपेन्द्र । २०५४ । *नेपालको मधेशी समुदायः एक विवेचना ।* विराटनगरः आदिवासी जनजाति विकास तथा अनुसन्धान केन्द्र ।

यादव, उपेन्द्र । सन् २००३ । *नेपाली जन आन्दोलन और मधेसी मुक्तिका सवाल* । नेपालः मधेसी पीपुल्स राइट फोरम ।

यादव, उपेन्द्र । २०६० । मधेसको नागरिकताः समस्या एवं समाधान । *नेपाली मधेसीका समस्याः चार विचार* मा । जयप्रकाश गुप्ता, उपेन्द्र यादव, डा. हरिवंश झा र अमरेश नारायण झा, पृ. २५–३५ । काठमाडौंः मधेसी मानवअधिकार संरक्षण केन्द्र ।

यादव, दिलीप कुमार । २०६४ । *रक्तमय मधेस* । काठमाडौं : दिलीप कुमार यादव ।

शर्मा, पीताम्बर । २०६१ । पहाडी विकासको रणनीति । *नेपालको गरिबीको बहस* मा । भास्कर गौतम, जगन्नाथ अधिकारी र पूर्ण बस्नेत, सं., पृ. ४३०–३९ । काठमाडौं : मार्टिन चौतारी ।

शर्मा, पीताम्बर । सन् २००८ । *नेपाली क्यानभासका रङहरु : जातीयताको भौगोलिक पक्ष* । काठमाडौं : सोशल साइन्स बहाः ।

शर्मा-पौडेल । २०६० । *नेपाली नागरिकता र यससम्बन्धी ऐन-कानुन* । काठमाडौं : तारादेवी पौडेल ।

साह, प्रभु । २०६३ । *जनयुद्ध र मधेशी मुक्तिको कार्यदिशा ।* काठमाडौं : मधेशी राष्ट्रिय मुक्ति मोर्चा ।

हिमाल । २०४८ । नेपालको तराई । पृ. ५७–६२ ।

हिमाल । २०६४ । समस्या झन् पहाडमा रहेछ (सम्पादकीय) । १-१५ वैशाख ।

Barbalet, J .M. 1997. *Citizenship.* Delhi: World View.

Buggeland, Anne. 1999. Citizenship, Tenancy Rights and Identity: The Case of the Santals/Satars of Jhapa. In *Nepal: Tharu and Tarai Neighbours.* Harold O Skar, ed., pp. 97-117. Kathmandu: Bibliotheca Himalayica.

Burghart, Richard. 1994. The Political Culture of Panchayat Democracy. In *Nepal in Ninties.* Michael Hutt, ed., pp. 1-13. Delhi: Oxford University Press.

CBS/HMG. 2002. *Population Census 2001.* Kathmandu: Central Bureau of Statistics.

Dahal, Dilli Ram. 1978. Indian Ethnic Groups in the Nepal Terai: A Study of Immigration Patterns and Socio-Economic Behaviour [Part 1, Eastern Terai Sector]. Kirtipur: Research Centre for Nepal and Asian Studies, TU.

Dahal, Dilli Ram. 1992. Grasping the Tarai Identity. *Himal* 5(3): 17-18.

Dahal, Dilli Ram. 1995. Ethnic Cauldron, Demography and Minority Politics: The Case of Nepal. In *State, Leadership and Politics in Nepal.* Dhruba Kumar, ed., pp 148-170. Kathmandu: Centre for Nepal and Asian Studies.

Dahal, Dilli Ram. 2002. Madhese, Regionalism and National Integration: A Case of the Nepal Tarai. *Nepal Jounal of Contemporary Studies* 3(2): 1-19.

Des Chene, Mary. 1993. Soldiers, Sovereignty and Silences: Gorkhas as Diplomatic Currency. *South Asia Bullentin* XII(1&2): 67-80.

Elder, Joseph W., Maharbir Ale, Mary A. Evans, David P. Gillespie, Rohit Kumar Nepali, Sitaram P. Poudyal and Bryce P. Smith. 1976. *Planned Resettlement in Nepal's Terai.* Kathmandu: Institute of Nepal and Asian Studies (INAS).

Gaige, Frederick H. 1975. *Regionalism and National Unity in Nepal.* Berkeley and Los Angeles: University of California Press.

Gunaratne, Arjun. 2002. *Many Tongues, One People: The Making of Tharu Identity in Nepal.* Ithaca: Cornell University Press.

Gurung, Harka. 2004. *Social Demography of Nepal Census 2001.* Lalitpur: Himal Books.

Jha, Hari Bansa. 1993. *The Terai Community and National Integration in Nepal.* Kathmandu: Centre for Economics and Technical Studies (CETS) in corporation with Friedrich Ebert Stiftung (FES).

Joshi, Bhuwan Lal and Leo E. Rose. 2004[1966]. *Democratic Innnovations in Nepal: A Case Study of Political Acculturation.* Reprinted Edition. Kathmandu: Mandala Publications.

Meyer, Kurt W. and Pamela Deuel. 1999. Who are the Tharu: National Minority and Indentity as Manifested in Housing Forms and Practices. In *Nepal: Tharu and Tarai neighbours.* Harold O Skar, ed., pp. 121-159. Kathmandu: Bibliotheca Himalayica.

Onta, Pratyoush. 1996a. Creating a Brave Nation in British India: The Rhetroric of Jati Improvement, Rediscovery of Bhanubhakta and the Writing of Bir History. *Studies in Nepal History and Society* 1(1): 37-76.

Onta, Pratyoush . 1996b. Ambivalence Denied: the Making of *Rastriya Itihas* in Panchayat Era Textbooks. *Contributions to Nepalese Studies* 23(1): 213-254.

Onta, Pratyoush. 1997. Activities in a 'Fossiles State': Balkrishna Sama and the Improvisation of Nepali Identity. *Studies in Nepal History and Society* 2(1): 69-102.

Onta, Pratyoush. 1999. The Career of Bhanubhakta as a History of Nepali Culture, 1940-1999. *Studies in Nepal History and Society* 4(1): 65-136.

Pigg, Stacy. 1992. Inventing Social Categories through Place: Social Representations and Development in Nepal. *Comparative Studies in Society and History* 34(3): 491-513.

Poudel, Keshab. 2000. Triggering off controversy. *Spotlight,* August 4-10. Available at: http://www.nepalnews.com.np/contents/englishweekly/spotlight/2000/aug/aug04/national3.htm.

Poudel, Keshab. 2001. Awaiting the Court's Verdict. *Spotlight*, March 23-29. Available at: http://www.nepalnews.com.np/contents/englishweekly/spotlight/2001/mar/mar23/national10.htm

Regmi, Mahesh C. 1978. *Land Tenure and Taxtation in Nepal.* Kathmandu: Ratna Pustak Bhandar.

Regmi, Mahesh C. 1999. *Thatched Huts and Stucco Palaces: Peasants and Landlords in 19th Century Nepal.* Delhi: Adroit Publisher.

Shah, Saubhagya. 1993. Throes of a Fledging Nation. *Himal* 6(2): 7-14.

Shah, Shree Govind. 2006. Social inclusion of Madhesi Community in Nation Building. Paper presented at the Civil Society Forum Workshop for Research Programme on Social Inclusion and Nation Building in Nepal, organized by SNV on February 13.

Sharma, Pragyag Raj. 1992. How to Tend This Garden? *Himal* 5(3): 7-9.
Sharma, Prayag Raj. 2004. *The State and Society in Nepal: Historical Foundations and Contemporary Trends*. Lalitpur: Himal Books.
Skar, Harald O, ed. 1999. *Nepal: Tharu and Tarai Neighbours*. Kathmandu: Bibliotheca Himalayica.
Stiller, Ludwig F. 1973. *The Rise of the House of Gorkha*. Kathmandu: Ratna Pustak Bhandar.
Tamang, Seira. 2000. Legalizing State Patriarchy in Nepal. *Studies in Nepali History and Society* 5(1): 127-156.